# सिलीचोङ गाउँपालिका
## संखुवासभा

# राजस्व सुधार कार्य योजना
# (Revenue Improvement Action Plan)

जेठ, २०७९

परामर्शदाताः
सामुदायिक विकास मञ्च-नेपाल, धनकुटा

**दस्तावेज/प्रतिवेदनः**

| | |
|---|---|
| दस्तावेज | सिलीचोङ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना |
| परामर्श सहयोग | सामुदायिक विकास मञ्च—नेपाल, धनकुटा |
| मिति | जेठ, २०७९ |

**कृतज्ञता ज्ञापन**

संखुवासभा जिल्ला, सिलीचोङ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन आवस्यक सूचनाहरु र तथ्यांक उपलब्ध गराउने तथा अन्तिम प्रतिवेदन तयार पार्न सल्लाह, सुझाव उपलब्ध गराई सहयोग पु-याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री भुपालराज मेवाहाङ, उपाध्यक्ष श्री देविता कुलुङ, प्रमुख प्रशासकीय अधिकृत श्री रामराज पौडेल, वडाध्यक्षहरु तथा निवर्तमान अध्यक्ष श्री रामबहादुर राई, उपाध्यक्ष श्री लालकुमारी राई, कार्यपालिका सदस्यहरु, राजस्व परामर्श समितिका सदस्यहरु तथा गाउँपालिकाका कर्मचारीहरु लगायत सरोकारवाला सवैमा परामर्शदाता संस्थाको तर्फबाट हार्दिक धन्यवाद साथ आभार व्यक्त गर्दछौं । परामर्शदाता संस्थाको तर्फबाट अहोरात्र रुपमा खटेर राजस्व सुधार कार्ययोजना तयार गर्नुहुने टोलीनेता केदार दाहाल, विज्ञ नुषराज श्रेष्ठ र फिल्ड अधिकृत खेमराज निरौला विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

भीम बहादुर बस्नेत
अध्यक्ष
सामुदायिक विकास मञ्च–नेपाल, धनकुटा

# विषय सूची

## परिच्छेद -एक परिचय

**पेज नं.**


१.१ पृष्ठभूमि ........ १
१.२ योजनाको औचित्य ........ १
१.३ योजनाको उदेश्यहरु ........ २
१.४ योजना तर्जुमा विधि र प्रक्रया ........ ३
१.४.१ सन्दर्भ सामाग्री अध्ययन ........ ३
१.४.२ प्रारम्भिक अभिमुखीकण तथा कार्ययोजना सम्बन्धि छलफल ........ ३
१.४.३ तथ्यांक तथा सूचना संकलन ........ ६
१.४.४ मस्यौदा प्रतिवेदन तयारी ........ ६
१.४.५ अन्तिम प्रतिवेदन पेश ........ ७
१.५ अध्ययन सिमाहरु ........ ७


## परिच्छेद–दुईः गाउँपालिकाको संक्षिप्त परिचय


२.१ परिचय ........ ९
२.२ भौगोलिक अवस्थिति ........ ९
२.३ राजनैतिक एवं प्रशासनिक विभाजन ........ ९
२.४ जनसंख्या ........ १०
२.५ जातजाति, धर्म र भाषा ........ १०
२.७ सडक तथा विकासका पूर्वाधार ........ १०
२.८ मानव संसाधनको अवस्था ........ ११
२.९ भौतिक सम्पतिको अवस्था ........ १२


## परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता


३.१ राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था ........ १३
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ १७
३.३ आन्तरिक आय संकलनको प्रमुख क्षेत्र र संभावना विश्लेषण ........ १८
३.३.१ स्थानीय कर राजस्व ........ १८
३.३.२ गैर कर राजस्व ........ २२


## परिच्छेद–चारः आय संकलनको सँस्थागत क्षमता तथा संकलन अवस्था


४.१ राजस्व परिचालन सम्बन्धी नीति तथा संयन्त्र ........ २७
४.२ आय संकलनको संस्थागत क्षमता ........ २८
४.३ विगतको आय परिचालनको अवस्था ........ २८

४.४ राजस्व परिचालनमा रहेका सवालहरु.................................................................३०

## परिच्छेद -पाँचः राजस्व सुधार कार्ययोजना

५.१ राजस्व सुधार कार्ययोजना...........................................................................३५
५.१.१ प्रभावकारी राजस्व संकलनका रणनीति तथा कार्यनीति......................................... ३५
५.१.२ राजस्व सुधार कार्ययोजना.......................................................................३७

## परिच्छेद -छः आगामी तीन बर्षको प्रक्षेपण

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण.............................................४४
६.२ आगामी तीन आर्थिक बर्षको राजस्व प्रक्षेपण .......................................................४७

## परिच्छेद-सातः अपेक्षित नतिजा

७.१ अपेक्षित नतिजा .........................................................................................५१

## परिच्छेद -आठ अनुगमन तथा मुल्यांकन

८.१ अनुगमन तथा मुल्यांकन प्रक्रिया ...........................................................................५३

सन्दर्भ सामाग्रीहरु .......................................................................................५५

## अनुसूचीहरु

अनुसूची १ - तथ्याङ्क संकलनको चेक लिष्ट.................................................................५६
अनुसूची २ — तथ्याङ्क संकलन फाराम......................................................................५७
अनुसूची ३ — अभिमुखिकरण र मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणको फोटोहरु..........................६४
अनुसूची ४ — अभिमुखिकरण र मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणको उपस्थिति.........................६६

## तालिका सूची

तालिका १: वडानुसार जनसंख्याको वितरण ....................................................................१०
तालिका २: जातीय र लैङ्गिक आधारमा गाउँपालिकाको जनसंख्या विवरण.....................................१०
तालिका ३: सामाजिक समावेशिकरण अनुसार गाँउपालिकाका जनप्रतिनिधी र कर्मचारीहरुको संख्या......११
तालिका ४: गाँउपालिकाका कर्मचारीहरुको विवरण......................................................................११
तालिका ५: गाँउपालिकाको अचल सम्पतिको विवरण....................................................................१२
तालिका ६: गाँउपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था......................................१७
तालिका ७: राजस्व परामर्श समितिको विवरण...........................................................................२७
तालिका ८: गाँउपालिकाको आयको अवस्था...............................................................................२९
तालिका ९ : कुल आयमा गाँउपालिकाको आन्तरिक आयको योगदान...........................................३०
तालिका १०: राजस्व सुधार सम्बन्धी रणनीति र कार्यनीति..........................................................३४
तालिका ११: राजस्व प्रशासन सुधार योजना...............................................................................३७
तालिका १२: कर राजस्व सुधार योजना......................................................................................३८
तालिका १३: गैर कर राजस्व सुधार योजना................................................................................३९
तालिका १४: आगामी तीन आर्थिक बर्षको राजस्व प्रक्षेपणको आधार............................................४२
तालिका १५: आगामी तीन आर्थिक बर्षको आय प्रक्षेपण..............................................................४६
तालिका १६: अपेक्षित आय संरचना...........................................................................................५०
तालिका १७: अनुगमन तालिका..................................................................................................५२

## चित्र सूची

१. चित्र नं. १ भोटखोला गाउँपालिकाको नक्शा ......................................................................८

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमी

नेपालको राज्य संचालनको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले कानून बमोजिम गर्ने व्यवस्था संविधानले गरेको छ । संघ, प्रदेश तथा स्थानीय सरकारलाई आ–आफ्नो क्षेत्रको विकास कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन लगानी आवश्यक पर्दछ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेशबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व  बाँडफाँड बाहेक स्थानीय राजश्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, दस्तुर तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार उपलब्ध रहेको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघ/संस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने र नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिई वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने समेत कानूनी व्यवस्था रहेको छ । संवैधानिक अधिकार अनुसार स्थानीय सरकारलाई आन्तरिक आय परिचालनको उल्लेख्य अधिकार उपलब्ध रहेको भएता पनि सो अधिकारहरु कानून सम्मत, व्यवस्थित तथा न्यायोचित तरिकाले स्थानीय सरकारहरुले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन् । जसको मुख्य कारणहरुमा संघीय शासन व्यवस्था अनुसारको स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक कानुन, नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, आधार तथ्याङ्कको उपलब्धता र आयको सम्भाव्यता अध्ययन, अनुगमन तथा नियन्त्रण प्रणालीको स्थापना र अभ्यासको कमी आदि रहेका छन् ।

नेपालको संविधानले गाउँपालिका तथा नगरपालिकालाई एउटै किसिमका राजस्व  अधिकार प्रदान गरेको छ । यद्यपी संस्थागत संरचना, जनशक्ति, व्यबस्थापकीय पक्षहरुलाई विश्लेषण गर्दा वर्तमान अवस्थामा आन्तरिक स्रोत परिचालनमा गाउँपालिकाको अवस्था कमजोर नै देखिन्छ । मुलुकमा संघियता लागु भईसके पश्चात राजस्व परिचालन क्षमतामा विगतको तुलनामा सुधार हुदै गएको भए तापनि कानुन बमोजिम संघ, प्रदेश, राजस्व बाँडफाँड र अन्य विभिन्न निकायहरुबाट प्राप्त हुनसक्ने अनुदानहरुको व्यवस्थापन गर्दै आन्तरिक राजस्व अभिबृद्धी तथा परिचालन प्रक्रियामा सुधार ल्याउन अझै धेरै प्रयासको आवस्यकता देखिन्छ । यसै परिप्रेक्ष्यमा आफ्नो आन्तरिक स्रोतलाइ विस्तारै मज्वुत बनाउँदै समग्र राजस्व  संकलन तथा परिचालनलाई व्यवस्थित गर्न सिलीचोङ गाउँपालिकाले नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ को परिधीमा रहि सहभागितामूलक पद्दति अवलम्बन गरी यो राजस्व  सुधार कार्ययोजना तर्जुमा गरिएको छ ।

## १.२ राजश्व सुधार योजनाको औचित्य

स्थानीय सरकारलाई संविधानले दिएको अधिकार प्रयोग गरी अनुसूची ८ मा रहेका २२ वटा प्रमुख कार्यक्षेत्र भित्रका जिम्मेवारीहरु पुरा गर्नुपर्ने अवस्था छ । यस प्रयोजनका लागि स्थानीय सरकारलाई संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय अनुदानका अतिरिक्त स्थानीय सरकारलाई आफ्नै राजश्वका आधारहरु तयार गर्ने

अधिकार निहित रहेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ घ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ४ अनुसार स्थानीय तहलाई आफ्नो क्षेत्रमा कर तथा गैर कर संकलन गर्न सक्ने अधिकार रहेको छ । तर कर प्रणाली र अधिकार क्षेत्रबारे कम जानकारी, ससाना व्यवसायमा कर लागु गर्दा हुन सक्ने संभावित अलोकप्रियता, स्थानीय तहलाई प्राप्त हुन आएको अनुदान रकम नै खर्च गर्न नसकिरहेको अवस्थामा कर लगाउनु पर्ने आवस्यकता नै महसुस नहुनु जस्ता कारणहरुले गर्दा आफ्नो अधिकार क्षेत्रभित्र रहेर स्थानीय तहहरुले अपेक्षित रुपमा राजस्व संकलन गर्न सकिरहेका छैनन् ।यसरी स्थानीय सरकारहरुले वित्तिय संघियताको मर्म अनुसार पुर्णरुपमा अभ्यास गर्न नसकेका अधिकार क्षेत्र भित्र रहेर वैज्ञानिक कर प्रणाली लागु गर्न स्थानीय तहलाई सहयोग पुग्नेगरि राजस्व सुधार कार्ययोजना तयार गर्नु नै यसको मुख्य ध्येय हो ।

त्यसैले स्थानीय सरकारको वढ्दो खर्च धान्नका लागि र उनीहरुको सामर्थ्य वृद्धि गर्नका लागि पनि ती निकायहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता अपरिहार्य बन्न पुगेको छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका संभावनाहरुको खोजी गर्ने, संभाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यबस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयाशका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजनाको खाँचो देखिन्छ ।

## १.३ कार्ययोजनाले राखेका उद्देश्यहरु

गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, संभावना तथा परिचालनमा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तर्जुमा तथा सो को आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा गर्नु यस कार्यको प्रमुख उद्देश्य हो । यस कार्यका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन् ।

- गाउँपालिकाको राजस्व अधिकार तथा सुधार कार्ययोजना सम्बन्धमा अध्यक्ष लगायत कार्यपालिकाका पदाधिकारी, राजस्व परामर्श समितिका सदस्य, शाखा प्रमुखहरू, राजस्व सँग सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- राजस्व परिचालन सन्दर्भमा विद्यमान नीति, विगत बर्षहरुको आय परिचालन, वर्तमान राजस्व प्रशासन र वित्तीय अवस्थाको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आयको आधार र दरको बृद्धिका सम्भावनाहरु (नयाँ संभावनाका स्रोतहरु समेत) पहिचान र विशलेषण गरि राजस्व प्रक्षेपण गर्ने ।
- सहभागितात्मक विधी अवलम्वन गरि पालिकाको ३ बर्षे राजस्व सुधार कार्य योजना तयार गर्ने ।
- आन्तरिक राजस्व परिचालनका लागि आवश्यक नीति तथा क्षमता विकासको अवस्थाको पहिचान तथा सुधारका लागि सुझाव दिने ।

## १.४ राजश्व सुधार कार्ययोजना निर्माणका लागि अपनाईएका विधीहरु

यस गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने क्रममा यस सम्बन्धी सन्दर्भ सामाग्रीहरुको अध्ययन, सूचना संकलनका लागि आवस्यक फारमहरुको तयारी, शाखागत तथ्यांकहरु संकलन,विश्लेषण, अभीमुखीकरण तथा कार्यशाला गोष्ठीको आयोजना, सामुहिक छलफल, प्रस्तुतीकरण, अन्तर्वार्ता, तथा स्थलगत अवलोकन लगायतका विधीहरु अपनाईएको थियो ।यस कार्ययोजना तयारीका सन्दर्भमा सम्पादन गरिएका मुख्य कृयाकलापहरुलाई निम्न लिखित चार चरणमा वर्गिकरण गरी व्याख्या गरिएको छ ।

### १.४.१ पहिलो चरणः सन्दर्भ सामाग्रीहरुको अध्ययनः

यस चरणमा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यसँग सम्बन्धित सन्दर्भ सामग्रीको अध्ययन गरिएको थियो । खासगरि यस अगाडी भएका राजस्व अभिवृद्धि सम्बन्धी अध्ययनहरु, प्रकाशनहरु, कार्य योजनाहरु, राजश्व परामर्श समितिका निर्णयहरु, पालिकाको नीति तथा कार्यक्रम र प्रचलित कानुनी व्यवस्थाहरुको अध्ययन तथा विष्लेषण गरिएको छ । मुख्यतः निम्नानुसारका सन्दर्भ सामग्रीहरुको अध्ययन र आधार लिईएको छ ।

- ❖ नेपालको संविधान, २०७२
- ❖ स्थानीय सरकार संचालन ऐन, २०७४
- ❖ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- ❖ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- ❖ स्थानीय तहको राजस्व सुधार कार्ययोजना सम्बन्धी दिग्दर्शन २०७६
- ❖ गाउँपालिकाको आर्थिक ऐन,
- ❖ विनियोजन ऐन,
- ❖ गाउँपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेट
- ❖ गाउँपालिकाको पाश्र्वचित्र
- ❖ संघ, प्रदेशको नीति, कार्यक्रम, जारी गरिएका कार्यविधी, निर्देशिका तथा दीग्दर्शनहरु

### १.४.२ दोस्रो चरणः अभिमुखिकरण तथा राजश्व सुधार योजना तर्जुमा कार्यशालाः




गाउँपालिकाको राजस्व अधिकार तथा सुधार कार्ययोजना सम्बन्धमा मिति २०७८ साल फागुन ११ गते पालिकाका अध्यक्ष लगायत कार्यपालिकाका पदाधिकारी, राजस्व

परामर्श समितिका सदस्य, शाखा प्रमुखहरू, राजस्व सँग सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूको उपस्थितिमा अभिमुखीकरण तथा कार्यशालाको आयोजना गरिएकोछ । अभीमुखिकरणमा खासगरी वित्तिय संघियता तथा राजस्व को अवधारणा, संविधानतः स्थानीय तहमा निक्षेपित अधिकारहरु, करका प्रकारहरु, कर संकलनका अभ्यासहरु र राजस्व सुधार कार्ययोजना दिग्दर्शनमा भएका प्रावधानहरुका बारेमा प्रस्तुती छलफल तथा समूह अभ्यासहरु भएका थिए । समूह कार्य संचालन गर्दा प्रत्येक समूहमा विषयगत अनुभव र कार्य जिम्मेवारीका हिसावले उपयुक्त सहभागीहरु समावेश गरिएको थियो । कार्यशालामा सहभागिहरुलाई निम्न चारवटा समूहमा विभाजन गरी समूह अभ्यास गराईएको थियो ।

समूह १ राजस्व का शिर्षकगत दर, दायरा तथा प्रक्षेपण

समूह २ कर राजस्व सुधार योजना

समूह ३ गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत)

समुह ४ राजस्व प्रशासन (आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय)

यी समूह अभ्यासबाट आएका महत्वपुर्ण उपलव्धी, जनप्रतिनिधिहरुको भनाइ तथा सुझावहरु तपशील अनुसार प्रस्तुत गरिउको छ ।

गाउँपालिका अध्यक्ष राम बहादुर राई

- पालिकामा राजस्व का थप क्षेत्र पहिचान गर्नका लागि यस कार्ययोजना महत्वपूर्ण छ
- आर्थिक ऐनमा छुटेका बिषयहरु, राजस्व बढाउने उपायहरु र पालिका निर्भर हुने उपायहरु यस योजनाले उजागर गर्न सहयोग पुर्याउँछ । मध्यवर्ती क्षेत्रमा वन पैदावारको राजस्व निकुञ्जले उठाइरहेकोमा कसरी पालिकाले उठाई राजस्व को श्रोत बढाउन सकिन्छ भन्ने कुरा कार्य योजनामा समावेश हुनुपर्दछ ।
- एउटै वडामा ३/४ वटा सामुदायिक वन छन् जस्तै ३ नं. वडामा १० वटा सामुदायिक वन छन् ती समितीहरुको श्रोत पालिकाको विकासमा लगाउने किसिमको रणनीतिहरु पनि यस योजनाले समावेश गर्नेछ ।
- हाल पालिकाको सीमा मा कर्मचारी खटाउने जस्ता कार्य नगरिएकोले राजस्व चुहावट भइरहेकोले ती कुरामा कार्य योजनाले गर्नुपर्ने कामको खाका दिन सकोस
- पालिकाले बार्षिक २० लाख राजस्व उठाउने प्रक्षेपण गरेकोमा १४ लाख मात्र उठाउन सकेको छ यसबाट हामी कहाँ चुकिरहेका छौ र त्यसलाई कसरी सुधार गर्ने भन्ने कुरा योजनाले सम्बोधन गर्नेछ ।

## समूह प्रस्तुतिकरणमा सहभागीबाट ब्यक्त बिचार

### समूह नं. १




- सम्पत्ती कर न्यूनतम रु ६२।६० छ, सबैले त्यही मात्र तिरेको छ ।
- ब्यक्तिगत घटना दर्ता, प्रतिलिपी शुल्क हाल रु ५०० बाट ७५० पुर्याउने भन्ने छ तर संघिय कानून को ब्यवस्था रु ५०० सँग बाझिएको छ ।
- संघ संस्था दर्ता नविकरण र सिफारिस शुल्क हाल १७४३ बाट बढाई दर्ता शुल्क २५००, नविकरण २००० र सिफारिस दस्तुर १५०० पुर्याउनु पर्दछ ।

### समूह नं. २




- हाल एकिकृत सम्पत्ती कर रहेकोमा अव कार्यदल बनाई सम्पती कर कार्यविधी बनाउने
- भूमि करलाई बजार, आवास क्षेत्र छुटयाएर छुट्टाछुट्टै दर निर्धारण गर्ने
- ब्यवशाय कर अझ ब्यवस्थित गर्ने
- मकालु वरुण राष्ट्रिय निकुञ्ज सँग समन्वय गरी जडिवुटीको कर संकलन गर्ने
- विज्ञापन कर ब्यवस्थित गर्ने

### समूह नं. ३

- बहाल विटौरी कर को दर कम गरी दायरा बढाउनु पर्दछ
- गोसखाना आदिबाट कर उठाई ब्यवस्थित गर्ने रणनीति बनाउने




- पार्किङ्ग शुल्क दैनिक उठाउने
- मनोरञ्जन कर उठाउने
- पूर्वाधार सेवा शुल्क उठाउने
- संघ संस्था दर्ता कार्यविधी बनाई दर्ता, नविकरण दस्तुर तोकी कार्यान्वयन गर्ने
- फोहोर मैला ब्यवस्थापन शुल्क संकलन गर्न सकिने
- न्यायिक उजुरी दर्ता शुल्क संकलन गर्न सकिने

### समूह नं. ४

- राजस्व  सुधार नीति र कानून बनाउनु पर्दछ (नीतिगत ब्यवस्थामा सुधार)
- विज्ञ सहित संलग्न भएको राजस्व  परिचालन समिती र कार्यदल बनाउने

- पालिकामा राजस्व शाखा र वडास्तरमा राजस्व उपशाखा बनाई दरवन्दी र कर्मचारी व्यवस्थापन गर्ने ।
- निर्माण भएका संस्था दर्ता, आर्थिक ऐन जस्ता नीति निर्देशिकाहरु प्रभावकारी कार्यान्वयन गर्ने
- हाल बर्षमा १ पटक मात्र बस्ने गरेको राजस्व परामर्श समितिको बैठक नियमित बसी अझ सक्रिय हुने



- राजस्व क्षमता अभिबृद्धीका लागि जनप्रतिनिधी र कर्मचारीलाई तालिम करदाताहरुका लागि करदाता शिक्षा कार्यक्रम संचालन गर्ने
- ई पेमेन्ट, सफ्टवेयर जस्ता नयाँ प्रविधी प्रयोय गर्ने ।

### १.४.३ तेस्रो चरणः तथ्यांक तथा सूचना संकलन र विश्लेषण

स्थानीय तहको राजस्व सुधार कार्ययोजना सम्बन्धी दीग्दर्शन २०७६ मा व्यवस्था भए अनुसारको सूचना संकलन फारम प्रयोग गरी आवस्यक सूचनाहरु संकलन र विश्लेषण गरिएकोछ । सूचना संकलन फारमको नमुना अनुसुचीमा दिईएकोछ । सूचना संकलनका मुख्य क्षेत्रहरु निम्न अनुसार रहेका छन्ः

- राजश्व प्रशासनको वर्तमान अवस्था
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु
- कम्तीमा विगत तीन आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण
- आन्तरिक आयका स्रोत, आधार क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरु सम्बन्धी तथ्यांक तथा सूचना
- राजश्व सुधारका लागि गर्नुपर्ने कार्यहरु तथा सोको जिम्मेवारी आदि ।

### १.४.४ चौथो चरणः राजश्व सुधार कार्ययोजना तयारी तथा राजश्व प्रक्षेपण

**क. तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी**

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको थियो ।

**ख. मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश**

मस्यौदा प्रतिवेदन कार्यक्रमका मुख्य सरोकारपक्ष सिलीचोङ गाउँपालिका समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको थियो ।

**ग. अन्तिम कार्यशाला गोष्ठीको आयोजना**

गाउँपालिकाको आयोजनामा मिति २०७९।०२।३१ गते "राजस्व सुधार कार्ययोजना तर्जुमा" को मस्यौदा प्रतिवेदन प्रस्तुति तथा सुझाव संकलनका लागि एक दिने कार्यशाला संचालन गरिएको थियो । उक्त कार्यक्रममा गाउँपालिकाका अध्यक्ष, कार्यपालिकाका सदस्यहरु, कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, राजस्व परामर्श समितिका सदस्यहरु लगायतका सहभागि रहेका थिए । कार्यक्रममा प्राविधिक टोलीको तर्फबाट मस्यौदा प्रतिवेदनका मुख्य विषयवस्तुहरू प्रस्तुत गरिएको थियो । प्रस्तुतिका विषयवस्तुहरू उपर विस्तृत रुपमा छलफल भएको थियो र सहभागीहरूबाट प्राप्त सुझावहरू संकलन गरिएको थियो ।

**घ. अन्तिम प्रतिवेदनको तयारी र हस्तान्तरण**

कार्यक्रमका मुख्य सरोकारवाला पक्षहरूले मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाहहरू प्रदान गर्नुभएको थियो । त्यसैगरी मस्यौदा प्रस्तुति तथा छलफल कार्यक्रमबाट पनि विभिन्न सुझाव तथा सल्लाहहरू प्राप्त भएको थियो । यसरी प्राप्त सान्दर्भिक सुझाव तथा सल्लाहहरूलाई प्रतिवेदनमा समावेश गरी यो अन्तिम अध्ययन प्रतिवेदन तयार गरी गाउँपालिका तथा मुख्य मन्त्रीको कार्यालय अन्तर्गत प्रदेश प्रशिक्षण केन्द्र झापा समक्ष पेश गरिएको छ ।

## १.५ योजना तर्जुमाका सीमाहरु

विद्यमान ऐन कानुन अनुसार स्थानीय तहहरुलाई निक्षेपित राजस्व अधिकारहरुका आधारमा यो कार्ययोजना तयार गरिएको छ । गाउँपालिकाको राजस्व सुधार कार्य योजना क्षेत्र व्यापक रहेको भए तापनि सीमित स्रोत साधन, प्रयाप्त सूचनाहरुको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन्:

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकार पक्षहरूसंग भएको छलफलबाट प्राप्त सूचनाहरूमा आधारित छ ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनवाट संकलन गरिएको छ । तथ्यांक संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।

- मकालु बरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती र आधार क्षेत्रमा यो पालिका अवस्थित भएकाले निकुञ्जले उठाउने गरेको शुल्क तथा दोहोरो अधिकारका रुपमा उल्लेख भएका करका क्षेत्रहरु यस योजनामा समावेश गरिएको छैन।
- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, पालिकाको सेवामा हुने वृद्धि र नागरिक सन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्व का दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व संकलनमा असर गर्ने भए तापनि यी तथ्यांकहरू उपलब्ध नभएकाले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।
- यो सिलीचोङ गाउँपालिकाको ३ बर्षे राजस्व सुधार कार्ययोजनाको रुपमा सिमित रहेको छ ।

# परिच्छेद-दुईः गाउँपालिकाको संक्षिप्त परिचय

## २.१ परिचयः

### २.१.१ नामाकरण तथा भौगोलिक अवस्थिति

सिलीचोङ गाउँपालिका नेपालको संबिधान अनुसार राज्य पुनसंरचना हुँदा संखुवासभा जिल्लाका सुदुर पुर्वोत्तरका साविक सिसुवाखोला, बाला, माङ्तेवा, ताम्कु र याफु गाउँ विकास समिति समावेश गरी गठन भएको हो । भौगोलिक रुपमा विकट भए तापनि सामाजिक, साँस्कृतिक र रहनसहनले भरिपूर्ण यस गाउँपालिका वातावारणीय दृष्टिकोणले बसोबासको लागि उत्कृष्ट रहेको छ । यस क्षेत्रमा पर्ने रमणीय सिलीचोङ हिमालको नामबाट यस गाउँपालिकाको नाम सिलीचोङ रहन गएको हो । ५ वटा वडाहरु र ५०१.८९ वर्ग कि.मी. क्षेत्रमा फैलिएको यस गाउँपालिकाको सिमाना तथा नक्शा देहाय अनुसार रहेकोछ सिमानाः

पूर्वः चिचिला र मकालु गाउंपालिका

पश्चिम : सोलुखम्बु जिल्ला

उतर : मकालु गाउंपालिका

दक्षिण : भोजपुर जिल्ला




चित्र नं. १ सिलीचोङ गाउँपालिकाको नक्शा

यस गाउंपालिकाको दक्षिण सीमानामा अरूण नदी पर्दछ भने मुख्य नदीको रुपमा संखुवा खोला रहेको छ । यस पालिकाको पूर्ण भू-भाग मकालु वरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा पर्दछ । यस पालिकाको उतरी सीमानामा चाम्लाङग, दिग्लिंग, संखुवासीर र नौलेख जस्ता रमणीय हिमालहरु रहेकाछन् ।यो गाउँपालिकाको केन्द्र ताम्कु समुद्री सतहबाट करिब २५०० मि. उचाईमा रहेको छ भने भौगोलिक अवस्थिति २७॰२६' उत्तरी अक्षांश देखि २७॰४३' सम्म र ८६॰५६' पूर्वीदिशान्तर देखि ५७॰११' पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ।

### २.१.२ जनसांख्यिक अवस्था

यस गाउंपालिका क्षेत्रभित्र हिन्दु, बौद्ध, क्रिस्चियन र किरात धर्मका मानिसहरुको बसोवास रहेको छ । यस क्षेत्रभित्र दशैं, तिहार,साउने संग्क्रान्ति, संसारी पूजा, ल्होसार, चाक्चाकुर, उधौली, उभौली , भूमी पुजा, आइतवारे पूजा लगायतका चाडपर्वहरु मनाउने गरिन्छ । विविध चाडपर्वहरु यस क्षेत्रको परिचायक भए पनि मुख्य रुपमा

कुलुङ, मेवाहाङ, थुलुङ, दुमी, चाम्लिङ, खालिङ, साम्पाङ र बान्तवा जाति लगायत शेर्पा, तामाङ, विस्वकर्मा र दमाई जातिहरुको वाहुल्यता रहेको छ । यस गाउँपालिकामा क्षेत्री र ब्राहमण जातिहरू भने नगन्य रुपमा रहेका छन् ।

**क. तालिका नं १.वडा अनुसार जनसंख्या वितरणः**

| वडा नं. | क्षेत्रफल | परिवार संख्या | महिला संख्या | पुरुष संख्या | जम्मा जनसंख्या | जनघनत्व | मुख्य बस्ति |
|---|---|---|---|---|---|---|---|
| १ | १०४.९९ | ५७१ | १३४५ | १४१९ | २७७४ | २६.४२ | सिसुवा |
| २ | ८१.८९ | ५२० | १४०१ | १४७३ | २८७६ | ३५.१२ | बाला |
| ३ | १५५.१४ | ५७८ | १३२८ | १४०६ | २७३४ | १७.६२ | ताम्कु |
| ४ | २८.२६ | ४१६ | १०२२ | ११०६ | २१२८ | ७५.३० | माङतेवा |
| ५ | १३१.६१ | २३६ | ५९३ | ५८१ | ११७४ | ८.९२ | याफु |
| जम्मा | ५०१.८९ | २३२१ | ५९९५ | ५६९१ | ११६८६ | २३.२८ | |

*स्रोतः गाउँ पार्स्वचित्र, सिलीचोङ*

**ख. तालिका नं. २. जातीय आधारमा जनसंख्याको विवरण**

| क्र.सं. | जातजाती | जम्मा जनसंख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कुलुङ | ७४०१ | ६३.३३ | |
| २ | मेवाहाङ | २०१४ | १७.२३ | |
| ३ | राई | ८९४ | ७.६५ | |
| ४ | विश्वकर्मा | ३१६ | २.७० | |
| ५ | तामाङ | २३८ | २.०४ | |
| ६ | क्षेत्री | २०२ | १.७३ | |
| ७ | शेर्पा | १७२ | १.४७ | |
| ८ | अन्य | ४४९ | ३.८५ | |
| जम्मा | | ११६८६ | १०० | |

*स्रोतः गाउँ पार्स्वचित्र, सिलीचोङ*

## २.१.३ सडक यातायात तथा पूर्वाधार विकासको अवस्था

सडक यातायात सुविधाको दृष्टिकोणले हेर्दा यो गाँउपालिका निकै दुर्गम देखिन्छ । गाँउपालिका भित्र कुल करिव १२० किमि ग्राभेल तथा धुले सडक रहेको छ । जिल्ला सदरमुकाम खाँदबारीसँग कच्चि सडक मार्फत जोडिएको भए तापनि अरुण नदीमा मोटरेबल पुल निर्माण नभएकाले सिधा सम्पर्क हुन सकेको छैन । संखुवा खोलामा समेत पुल निर्माण नभएकाले यहाँको सडक यातयात वारी र पारी भिन्नाभिन्नै सवारी साधन प्रयोग गरि संचालनमा रहेको छ साथै यी सवै सडकहरु मौसमी मात्र हुन् । त्यसैले यस गाँउपालिका सडक यातयातको सुविधाको दृष्टिकोणले धेरै पछाडी रहेको छ । खानेपानी, सञ्चार, शिक्षा, स्वास्थ्य लगायत बजारको पहुँचमा क्रमश बृद्धि भईरहेको पाईन्छ ।

## २.२ मानव संसाधनको अवस्था

नवगठित गाउँपालिकाको पहिलो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरू मार्फत् गाउँपालिकाको कार्य संचालन हुँदै आईरहेको छ । यस गाउँपालिकामा रहेका ५ वटा वडामा निर्वाचित तथा मनोनित सदस्यहरु सहित जम्मा २९ जना गाउँसभा सदस्यहरु रहेका छन् । त्यसैगरी गाउँ कार्यपालिकाको दैनिक कार्यसम्पादनका लागि विभिन्न विषयगत क्षमता सहित अधिकृत तथा सहायक स्तरका कर्मचारी कार्यरत छन् । समावेशीकरणको हिसावले जनप्रतिनिधी तथा कर्मचारीहरुको विवरण निम्न तालिका अनुसार रहेको छ ।

**तालिका ३ः जनप्रतिनिधीहरुको विवरण**

| विवरण | महिला | पुरुष | दलित | जनजाती | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| जनप्रतिनिधी | ११ | १८ | ५ | २३ | १ | २९ |

यस गाउँपालिकामा प्रमुख प्रशासकिय अधिकृत लगायत तपशील अनुसारका कर्मचारीहरु कार्यरत रहेकाछन् ।

**तालिका ४ः गाँउपालिकाका कर्मचारीहरुको विवरण**

| क्र.स. | पद | संख्या |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ |
| २ | प्रशासन अधिकृत | १ |
| ३ | लेखापाल | १ |
| ४ | ईन्जिनियर | १ |
| ५ | कृषि अधिकृत | १ |
| ६ | शिक्षा शाखा प्रास | १ |
| ७ | पशु विकास प्रास | ४ |
| ८ | पशु अधिकृत (छैठौ) | १ |
| ९ | नरसिङ अधिकृत | १ |
| १० | सूचना प्रविधी अधिकृत | १ |
| ११ | रोजगार संयोजक | १ |
| १२ | मेडिकल अधिकृत | १ |
| १३ | एम. आई. एस. अपरेटर | १ |
| १४ | सब ईन्जिनियर | ९ |
| १५ | जनस्वास्थ्य अधिकृत छैठौं | २ |
| १६ | हेल्थ असिस्टेण्ट | ३ |
| १७ | स्टाफ नर्स | २ |
| १८ | अहेव | १० |
| १९ | अनमी | १० |
| २० | स्वास्थ्य सम्बन्धी अन्य प्राविधिक कर्मचारी | ५ |
| २१ | कार्यालय सहयोगीहरु | १६ |
| **जम्मा** | | **७३** |

## २.९ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

सिलीचोङ गाँउपालिकाको कार्यालय वडा नं ३ ताम्कुमा रहेको छ । गाँउपालिकाको आफ्नै भवन निर्माण हुने क्रममा रहेकोछ । पालिकाको कार्यालय भवन निर्माण सम्पन्न भईनसकेकाले हाल वडा नं. ३ को वडा कार्यालयमा पालिकाको कार्यालय रहेको छ । वडा कार्यालय भवन, सामुदायिक स्वास्थ्य ईकाई भवन, पशुसेवा केन्द्र भवन, कृषि सेवा केन्द्र र कृषि सेवा शाखा भवन गाँउपालिकामा रहेका महत्वपूर्ण सरकारी भवनहरु हुन । गाँउपालिकाको सम्पतिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ५ः गाँउपालिकाको अचल सम्पतिको विवरण**

| क्र.स. | विवरण | एकाई |
|---|---|---|
| १ | वडा कार्यालय भवन | ४ |
| २ | स्वास्थ्य कार्यालय भवन | ४ |
| ३ | बाह्य खोप केन्द्र/स्वास्थ्य ईकाई भवन | ५ |
| ४ | स्वामित्वमा रहेको जम्मा जग्गा | ३७ रोपनी |
| ५ | व्याक हो लोडर | १ थान |
| ६ | एम्बुलेन्स | १ थान |
| ४ | मोटरसाईकल | १२ थान |

# परिच्छेद–तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

प्रचलित कानुनी व्यवस्था अनुसार गाँउपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई तलको उपखण्डहरुमा शीर्षकगत रुपमा विश्लेषण गरिएको छ । यसबाट गाँउपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था

नेपालको संविधानले स्थानीय तहलाई निम्नानुसारको राजस्व अधिकारको व्वस्था गरेको छः

- सम्पति कर
- भूमिकर (मालपोत)
- घर बहाल कर
- सवारी साधन कर
- व्यवसाय कर
- मनोरन्जन कर
- सेवा शुल्क दस्तुर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- दण्ड जरिवाना

संघीय कानुन (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ ।

### क) गाँउपालिकाको एकल अधिकार

**अ) कर**

- <u>सम्पत्ति कर:</u> आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । (आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन, २०७५ वाट संशोधित व्यवस्था)
- <u>भूमि कर (मालपोत);</u> आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । (आर्थिक विधेयक २०७५ बाट संशोधित व्यवस्था)
- <u>घर जग्गा बहाल कर:</u> कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- <u>व्यवसाय कर:</u> पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- <u>सवारी कर:</u> टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- <u>जडिबुटी, कवाडी र जीवजन्तु कर:</u> आफ्नो क्षेत्रभित्र उन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

**आ) शुल्क**

- <u>बहाल बिटौरी शुल्कः</u> आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- <u>पार्किङ् शुल्कः</u> आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ् सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र संचालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बंजी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।
- आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा *(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - एफएम रेडियो संचालन, "घ" वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग
- नक्सा पास दस्तुर
- पंजीकरण व्यवस्थापन दस्तुर
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**उ) बिक्री गर्न सक्ने (केहि नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)**

- गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने ।

- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने ।

**ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने दफा (दफा ११ (४)**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

**संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४)** ले स्थानीय तहलाई निम्न अनुसार वित्तिय अधिकार प्रदान गरेको छः

**१) एकल कर प्रशासन सम्बन्धी व्यवस्था** (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

ग) मनोरन्जन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाँउपालिकाले उठाउने ।

घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश संचित कोषमा जम्मा गर्नु पर्ने ।

ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने ।
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्ने ।
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय संचित कोषमा जम्मा गर्नुपर्ने ।

**२) राजस्व बाँडफाँट**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्त शुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने ।
- स्थानीय संचित कोषमा मासिक रुपमा प्राप्त हुने ।
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

**३) अनुदान**

- <u>वित्तीय समानीकरण अनुदानः</u> खर्चको आवश्यकता र राजस्व को क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- <u>सशर्त अनुदानः</u> कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- <u>समपूरक अनुदानः</u> पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- <u>विशेष अनुदानः</u> कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने ।

**४) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने ।
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने ।

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था) ।

- कर नलाग्नेः कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

सिलीचोङ गाँउपालिकाले आर्थिक बर्ष २०७८/७९ को लागि आर्थिक ऐन जारी गरी स्थानीय सरकारको कर तथा शुल्कहरु निर्धारण गरेको छ । गाँउपालिकाको सोही ऐनको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाँउपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दर निर्धारणको अवस्थालाई थप प्रस्ट पार्दछ ।

**तालिका ६: गाँउपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क्र.स. | आयका शिर्षकहरु | संभावना | दर | संकलन |
|---|---|---|---|---|
| **क** | **करतर्फ** | | | |
| १ | एकीकृत सम्पति कर | √ | √ | √ |
| २ | भूमिकर (मालपोत) | √ | x | x |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, ईरिक्सा) | x | x | x |
| ४ | घरजग्गा वहाल कर | √ | √ | √ |
| ५ | व्यवसाय कर | √ | √ | √ |
| ६ | जडिबुटी, कवाडी र जीवजन्तु कर | निकुञ्जको मध्यवर्ति क्षेत्र भएकाले दोहोरो अधिकार क्षेत्रभित्र परेकोले उठाउन नमिलेको | | |
| ७ | विज्ञापन कर | √ | √ | x |
| ८ | मनोरन्जन कर | √ | √ | x |
| **ख** | **गैरकरतर्फ** | | | |
| १ | स्लेट, ढुंगा, गिट्टी, वालुवा एवं माटोजन्य वस्तुको विक्री | निकुञ्जको मध्यवर्ति क्षेत्र भएकाले दोहोरो अधिकार क्षेत्रभित्र परेको | | |
| २ | वहाल विटौरी शुल्क | √ | √ | x |
| ३ | सरकारी सम्पतिको वहालबाट प्राप्त आय | √ | √ | √ |
| ४ | पर्यटन शुल्क | √ | √ | x |
| ५ | अन्य विक्रीबाट प्राप्त रकम | x | x | x |
| ६ | सरकारी सम्पति (राजपत्र, पुस्तक, नक्शा, आदि) को विक्रीबाट प्राप्त आय | √ | √ | √ |
| ७ | अन्य सेवा शुल्क तथा विक्री (पार्क, वनभोज स्थल, भू-टावर) | √ | √ | x |
| ८ | दहत्तर बहत्तर शुल्क | x | x | x |
| ९ | न्यायिक दस्तुर (न्यायिक समितिको समेत) | √ | √ | √ |
| १० | अन्य प्रशासनिक शुल्क (बोलपत्र फाराम विक्री | √ | √ | √ |

| क्र.स. | आयका शिर्षकहरु | संभावना | दर | संकलन |
|---|---|---|---|---|
| | समेत) | | | |
| ११ | पार्किङ शुल्क | √ | √ | x |
| १२ | सिफारिस दस्तुर | √ | √ | √ |
| १३ | व्यक्तिगत घटना दर्ता विलम्व दस्तुर | √ | √ | √ |
| १४ | नाता प्रमाणित दस्तुर | √ | √ | √ |
| १५ | अन्य दस्तुर | √ | √ | √ |
| १६ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | √ | √ | √ |
| १७ | अन्य राजस्व (माथिका शिर्षकमा नपरेका) | | | |

गाउँपालिकामा उल्लेखित मध्ये करका शीर्षकतर्फ मालपोत र सम्पत्ति कर दुबै भिन्नाभिन्नै संकलन नगरी एकीकृत सम्पत्ति करको रुपमा संकलन भएको देखिन्छ । घरजग्गा वहाल करतर्फ न्यून असुली देखिएको छ । जडीबुटी, कवाडी र जीवजन्तु कर तथा स्लेट, ढुंगा, गिट्टी, वालुवा एवं माटोजन्य वस्तुको विक्री तथा निकासी लगायतका क्षेत्रमा स्थानीय तहले कर लगाउन सक्ने व्यस्था भए तापनि यो पालिका मकालु बरुण राष्ट्रिय नकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्ने भएकोले निकुञ्जको कानुन बमोजिम निकुञ्जले नै उठाईरहेको अवस्था छ । सवारी करको दर निर्धारण गरिएको भएपनि संकलन भएको देखिदैन । ब्यवसाय कर लिइएको छ तर अझै प्रभावकारी बनाउनु पर्ने छ । त्यसैगरि गैरकर तर्फ सिफारिस दस्तुर, न्यायिक दस्तुर, प्रशासनिक शुल्क, नाता प्रमाणित दस्तुर र व्यवसाय रजिष्ट्रेशनमा शुल्क लगाउने गरिएको छ । वहाल विटौरी तर्फ र नक्शापासको व्यवस्थाको केहि संभावना रहेको छ ।

## ३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### ३.३.१ स्थानीय कर राजस्व

**क) सम्पति कर र मालपोत कर**

**हालको अवस्था**

गाँउपालिकाको आर्थिक ऐन २०७८ को दफा २ मा "गाँउपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर/घर जग्गा कर लगाईने र असुल उपर गरिनेछ भनी उल्लेख गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५को २ को २०७५ मा भएको संसोधन अनुसार एकीकृत सम्पति करलाइ टुक्राएर जग्गाको उपयोग अनुसार सम्पति कर र मालपोत कर लिने व्यवस्था गरेको भए तापनि यस गाउँपालिकाले एकीकृत सम्पति कर मात्रै लगाइरहेको छ । उक्त आर्थिक ऐनको अनुसूची (१) मा घरजग्गाको मुल्य अनुसार करको दर निर्धारण गरिएको छ भने घरको बनौट अनुसार घरजग्गाको मूल्याङ्कन गर्ने विधि समेत उल्लेख गरिएको छ । घरजग्गाको एकिकृत सम्पतिको करको दर पहिलो एक लाखसम्म सम्पति हुनेले बार्षिक रु. ८० तिर्नपर्ने व्यवस्था रहेको छ भने अधिकतम २७००० सम्मको दर कायम गरिएको छ तर यहाँ ४५ लाखभन्दा माथि एकीकृत सम्पति कर दाखिला गर्ने करदाता रहेको देखिदैन । यहाँको जम्मा घरधुरी मध्ये एकीकृत सम्पति कर दाखिला गर्ने २३८० करदाता रहेको छ ।

**संभावना**

गाँउपालिकाको वस्तुस्थिति विवरण २०७५ अनुसार यस गाँउपालिकामा २३२१ घरधुरी रहेका छन् । विद्यमान कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको र बाँकी जग्गामा मालपोत कर लगाउन पर्ने हुँदा यस्तो कर असुली दरमा बृद्दि हुन सक्दछ भने असुल रकम घट्न सक्दछ ।यहाँ प्राय भवनहरु आर.सी.सी. नभइ सामान्य किसिमको भएकाले संरचनाको मुल्यांकन पनि धेरै माथि जान सक्ने देखिन्न ।

आर्थिक ऐन २०७८।०७९ मा पालिकाले आगामी आ.ब.को एकीकृत सम्पत्ति कर रु. ७१,६४,९७७। अनुमान गरेको छ । तर चालु आ.ब.मा उक्त शीर्षकमा रु. ८३७९११।मात्र संकलन भएको आधारमा अनुमान अनुसार कर संकलन नहुने देखिन्छ । त्यसैले सम्पत्ति कर सम्बन्धी नयाँ कानुनी व्यवस्था अनुसार एकीकृत सम्पत्ति करलाई छुट्याएर सम्पत्ति कर र मालपोत करको कार्यविधी बनाइ कार्यान्वयन गर्न र करको अनुमानित र यथार्थ संकलनको फरकलाइ कम गर्न एकीकृत सम्पत्ति करमा गरिएको अनुमानित रकम रु. ७१,६४,९७७ को ६० प्रतिशत रकम (४२,९८,९८६)लाइ सम्पत्ति करको कुल संभाव्य रकम मानिएको छ । यो अंकलाई शतप्रतिशत मान्दा हाल संकलित एकीकृत सम्पत्ति कर २० प्रतिशत मात्र रहेको छ ।यहि संभाव्य रकम र संकलित रकमलाई नै आधार मानी बार्षिक १० प्रतिशतले बृद्धि हुनेगरि अगामी तीन आ.ब.को सम्पत्ति कर प्रक्षेपण गरिएको छ । बाँकी ४० प्रतिशत रकम (२८६५९९०) अनुमानित रकमलाइ परिपुर्ती गर्ने गरि सम्पत्ति कर लगाउन नमिल्ने जग्गाहरुबाट मालपोत वा भूमीकर संकलन गर्न देहाय अनुसार प्रस्ताव गरिएको छ ।

| क.सं. | करको प्रकार | आगामी तीन आर्थिक बर्षको प्रक्षेपण (न्युनतम लक्ष्यको प्रतिशत र रकम रु.) | | | |
|---|---|---|---|---|---|
| | | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | कुल संभावित रकम रु |
| | | ३0% | ४0% | ५0% | १00% |
| १ | सम्पत्ति कर | १,२८९,६९५ | १,७१९,५९४ | २,१४९,४९३ | ४,२९८,९८६ |
| २ | मालपोत वा भूमीकर | ८५९,७९७ | १,१४६,३९६ | १,४३२,९९५ | २,८६५,९९० |
| | जम्मा | २,१४९,४९२ | २,८६५,९९० | ३,५८२,४८८ | ७,१६४,९७६ |

**सुधारका पक्षहरु**

सम्पत्ति कर कार्यान्वयनका लागि गाँउपालिकाले गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छः

- सम्पत्ति कर व्यवस्थापन कार्यविधी संसोधन गरी सम्पति कर र मालपोत कर लिने क्षेत्र छुटयाउने ।
- आर्थिक ऐनमा उल्लेखित करको दर सामान्य परिमार्जन गरी प्रगतीशिल दररेट बनाउने ।
- सम्पत्ति कर सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि सचेतना तालिम संचालन गर्ने ।
- सम्पत्ति कर सम्बन्धी करदाताहरुलाई विभिन्न माध्यमहरुबाट सूचित गर्ने ।
- आवश्यक उपकरण तथा पूर्वाधार तयार गरी गाँउपालिका कार्यालय तथा सबै वडामा कम्प्युटरमा आधारित बिलिङ प्रणाली लागू गर्ने ।

- विद्युतीय भूक्तानी प्रणाली क्रमश लागू गर्ने (ईसेवा, खल्ति आदि)
- गाँउपालिकामा जग्गाको प्रकार अनुसार तथ्यांक नरहेको र दर पनि कायम नभएको हुनाले तथ्यांक लिने र त्यसको आधारमा दर कायम गर्ने ।
- पालिकाको निर्णय अनुसार सम्पत्ति कर लाग्ने बाहेकका अन्य जमीनको मालपोत कर अशुल गर्ने ।

**ख) वहाल कर (घरजग्गा वहाल कर)**

**हालको अवस्था**

गाँउपालिकाको आर्थिक ऐनले गाँउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, भवन, पसल, ग्यारेज, गोदाम, छप्पर, सेड, जग्गा, पोखरी, पार्क, हलभाडा लगायतका संरचना आंशिक तवरले वा अन्य कुनै आम्दानी हुने गरी वहालमा दिईएकोमा वहाल अंकको १०% कर लाग्ने व्यवस्था गरेको छ । हालसम्म संस्थागत रुपमा वहालमा दिईएका घरहरुबाट र व्यवसाय संचालन गर्न बहालमा लिएको घरहरुबाट मात्र यो कर संकलन गरिएको भन्ने जानकारी गाँउपालिकासंगको छलफलमा प्राप्त भएको छ । गाँउपालिकाले आ.व. २०७७/७८ मा यस शीर्षकवाट रु. ४३३०० कर संकलन गरेको देखिन्छ ।

**संभावना**

यस गाउँपालिकाको मुख्य बजार क्षेत्रमा घर तथा जग्गाहरु बहालमा गएको देखिन्छ तर गाँउपालिका भित्र व्यवसायिक प्रयोजनको लागि ठूला भवनहरु भने छैनन । आवसीय प्रयोजनको लागि बनेका घरहरुमा नै व्यापारिक गतिविधिहरु भएको देखिन्छ । गाँउपालिकाले यथार्थ तथ्यांक लिइ ठाउँ अनुसार भाडा दर कायम गरी आम्दानीमा १०% वहाल कर लगाउदा वहाल कर असुलीमा बढोत्तरी हुनसक्ने देखिन्छ । आगामी तीन आर्थिक बर्षका लागि १० प्रतिशतले बृद्धि हुनेगरि घर जग्गा बहाल करमा निम्नानुसार प्रक्षेपण गरिएकोछ ।

| क्र.सं. | आर्थिक बर्ष | प्रक्षेपित रकम रु. |
|---|---|---|
| १ | २०७९।०८० | ५०७१७ |
| २ | २०८०।०८१ | ५५७८८ |
| ३ | २०८१।०८२ | ६१३६७ |

**सुधारका पक्षहरू**

- घर तथा जग्गा धनि र वहालवालाहरू बिचको वहाल सम्झौता अनिवार्य गर्ने ।
- घरजग्गा वहाल रकम मूल्यांकन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले वहाल मूल्य निर्धारण गर्ने र सो वमोजिम वहाल रकम निर्धारण गरी कर संकलन गर्ने ।
- घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।

**ग) व्यवसाय कर**

**हालको अवस्था**

गाँउपालिकाले आर्थिक ऐन २०७७ मार्फत् गाँउपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूंजिगत लगानी र आर्थिक कारोवारका आधारमा आर्थिक ऐनको अनुसूचि (४) बमोजिम कर लगाउने व्यवस्था गरेको छ । आर्थिक ऐनमा ४६ वटा शीर्षक बनाई विभिन्न प्रकारका उद्योगहरुमा व्यवसाय करको दर निर्धारण गरेको छ । गाँउपालिकाले आर्थिक बर्ष २०७७/७८ मा व्यवसाय कर वापत रु २,४६,५३५ असुल गरेको देखिन्छ ।

**संभावना**

गाँउपालिकाको प्रोफायल २०७४ अनुसार यस गाँउपालिकामा ठूला स्तरका उद्योगहरु नभएतापनि स-साना स्तरका ९७ वटा सानातिना व्यवसायिक इकाईहरु रहेका छन् । त्यस बाहेक केही लघु तथा घरेलु स्तरमा कुटानी पिसानी मिल तथा अल्लो उत्पादन र प्रशोधन उद्योग समेत रहेका छन ।गाउँपालिकाको आर्थिक ऐन २०७७।०७८ अनुसार यहाँ दर्ता भएका सवै प्रकारका व्यवसायको संख्या ४८८ र उठ्न सक्ने संभाव्य रकम रु. ७६५७१३। उल्लेख भएको हुँदा यसै अंकलाई आधार मानी आगामी तीन आर्थिक बर्षका लागि तपशील अनुसार प्रक्षेपण र कुल संभाव्य रकम आँकलन गरिएको छः

| करको प्रकार | आगामी तीन आर्थिक बर्षको प्रक्षेपण (न्यूनत्तम लक्ष्यको प्रतिशत र रकम रु) | | | |
|---|---|---|---|---|
| | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | कुल संभावित रकम रु |
| करदाता संख्या | ४८८ | ४९८ | ५१३ | ५३८ |
| करदाता संख्या प्रतिशत | ९०.६५ | ९२.४६ | ९५.२४ | १००.०० |
| व्यवसाय कर रकम रु. | ३८२,८५७ | ४९७,७१३ | ६१२,५७० | ७६५,७१३ |
| कर रकम प्रतिशत | ५०% | ६५% | ८०% | १००% |

**सुधारका पक्षहरू**

गाँउपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउन निम्न कार्यहरू गर्न प्रस्ताव गरिएको छः

- गाँउपालिकामा संचालित व्यवसायहरूको करको दर पुनरावलोकन गरी आर्थिक ऐनमा उल्लेख गर्ने।
- सबै व्यवसायीलाई व्यवसाय दर्ताको आहृान गर्ने तथा ब्यवसाय दर्ता र नविकरणका लागि घुम्ती शिविरलाई हरेक वर्ष निरन्तरता दिने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- ब्यवसायीहरुमा कर तिर्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने ।
- कर शिक्षा कार्यक्रम संचालन गर्ने ।
- बढी कर तिर्ने व्यवसायीहरुलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने ।
- कर भुक्तानी प्रणालीलाई बैंक मार्फत र अनलाईन गर्ने ।

### ३.३.२ गैर कर राजश्व

**क) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)**

**हालको अवस्था**

स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । गाँउपालिकाले आ.ब.२०७८।०७९ माघसम्मको आम्दानी प्रतिवेदन अनुसार यस शीर्षकमा २,४०,०००।आम्दानी गरेको छ । तर गाँउपालिकाले व्यवसाय दर्ता रजिष्ट्रेशन दस्तुर वापत हालसम्म कुनै रकम संकलन गरेको छैन ।

**सम्भावना**

गाउँपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, कृषि तथा वनजन्य उद्योग, मर्मत संभार, सहकारी, बैंक, स्वास्थ्य सेवा, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत र संचालन अनुमति दिंदा गाउँपालिकामा यस्ता व्यवसायिक कार्यहरु करिब १०० माथि रहेको अनुमान छ । यस आधारमा अगामी तीन बर्षको व्यवसाय रजिष्ट्रेशन दस्तुर तपशील अनुसार संकलन गर्न सकिने देखिन्छ ।

| क्र.सं. | आर्थिक बर्ष | प्रक्षेपित रकम रु. |
|---|---|---|
| १ | २०७९।०८० | २५५५५२। |
| २ | २०८०।०८१ | २८११०७। |
| ३ | २०८१।०८२ | ३०९२१८। |

**सुधारका पक्षहरू**

- आर्थिक ऐनमा भएको रजिष्ट्रेशन शुल्कलाई सामान्य परिमार्जन गर्ने ।
- व्यवसाय रजिष्ट्रेशन दस्तुर कार्यविधी तयार गरी कार्यान्वयन गर्ने ।

**ख) घर नक्शा पास दस्तुर**

**हालको अवस्था र सम्भावना**

गाँउपालिकाको आर्थिक ऐन २०७७।०७८ मा घर नक्सापास दस्तुर प्रति वर्ग फिट पक्की घरको रु २ र कच्ची घरको हकमा रु. १ तोकीएको छ ।तर नक्सापासको प्रचलन व्यापक रुपले अघि बढन सकेको देखिंदैन । पालिकाका सबै वडाहरु नितान्त ग्रामिण प्रकृतिका रहेकोले उक्त वडाहरुमा घर तथा भवन निर्माण गर्दा नक्शापास सम्बन्धी व्यवस्थाको चेतना अभाव र गाँउपालिकाको कम पहुँचले गर्दा नक्शा पास बिनै घर निर्माण गर्ने चलन विद्यमान छ । गाँउपालिकाले हालसम्म घर नक्शा पास दस्तुर शिर्षकबाट रकम संकलन गरेको भने देखिदैन ।

यस गाँउपालिकामा विस्तारै आरसीसी संरचनाका घरहरु निर्माण हुन थालेको देखिन्छ । गाँउपालिकामा नक्शापास अनिवार्य नगरिएको भएतापनि विस्तारै नक्सापास गर्ने प्रवृतिलाइ प्रोत्साहित गर्न यसलाइ अनिवार्य बनाउन सकिने संभावना छ । घर नक्शापासको शुरुवात गर्दा पुराना घरहरु २३८० को सूचिकरणका लागि प्रति घर रु.२०० दस्तुर समेत संलग्न गरेर निम्नानुसार घर नक्शापास दस्तुर संकलन गर्न सकिने गरी तीन बर्षको प्रक्षेपण गरिएको छ ।

| क्र.सं. | आर्थिक बर्ष | प्रक्षेपित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | २०७९।०८० | २४०००। | |
| २ | २०८०।०८१ | ३००००। | |
| ३ | २०८१।०८२ | ३००००। | |
| ४ | २०७९।०८० | ४७६०००। | पुराना घर सूचिकरण शुल्क |

**सुधारका पक्षहरू**

- घर अभिलेखीकरणका लागि सार्वजनिक सूचना जारी गरी सूचीकृत गर्ने
- मापदण्ड तथा कार्यविधिहरू बनाएर नक्सापास प्रावधान पूर्ण रुपमा लागु गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर समयानुकुल परिमार्जन गर्ने ।
- गाँउपालिका गठन पूर्व वनेका घरहरूको अभिलेखीकरणको लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने।
- नक्सापासको लागि मापदण्ड तथा कार्यविधि अनुसार भवन निर्माण भए नभएको अनुगमन गर्ने ।

**ग) वहाल विटौरी शुल्क**

**हालको अवस्था**

गाँउपालिकाले आफुले रेखदेख वा संचालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत बहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । तर गाँउपालिकाको आर्थिक ऐन २०७७।०७८ मा यस सम्बन्धी कुनै वयवस्था गरिएको छैन । गाँउपालिकाले आर्थिक बर्ष २०७६/७७ मा वहाल विटौरी शिर्षकबाट कुनै शुल्क संकलन समेत गर्न सकेको देखिदैन ।

**संभावना**

वडाहरुमा विस्तारै बढ्दै गरेका सानासाना बजार केन्द्र, सडक अधिकार क्षेत्रमा निर्माण गरिएका भवन र गर्न सकिने जग्गाहरुको प्रयोग गरि वहाल विटौरी शुल्क असुल गर्न सकिन्छ ।

**सुधारका पक्षहरू**

गाँउपालिकाको वहाल विटौरी शुल्कमा सुधारको लागि निम्नानुसार प्रस्ताव गरिएको छः

- गाँउपालिकाभित्र भएका सार्वजनिक वा सडक अधिकार क्षेत्र भित्रका जमिनको विवरण संकलन गर्ने।
- वहाल विटौरी शुल्कको दायराभित्र सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग गरेवापत लाग्ने शुल्कलाई आर्थिक ऐनमा उल्लेख गर्ने ।

- संकलित विवरणका आधारमा वर्गीकरण गरी हाटबजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा संकलन गर्ने ।

**घ) सिफारिश तथा प्रमाणित दस्तुर**

**हालको अवस्था**

गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संकलन गरिआएको छ । आर्थिक ऐन २०७७।०७८ मा विभिन्न ५२ किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर निर्धारण गरेको छ । यस सिफारिसको दर अधिकतम रु.३००० (उद्योग ठाउसारी) देखि न्यूनतम रु १०० सम्म तोकिएको छ । गाँउपालिकाले सिफारिस, प्रमाणित र अन्य दस्तुर गरी आर्थिक बर्ष २०७६/७७ मा रु. १९००१५। रकम संकलन भएको देखिन्छ ।

**सम्भावना**

वर्तमानमा पालिका केन्द्र र वडाहरूले गर्ने विभिन्न सिफारिशको आधारमा नयाँ दररेट कयम गर्न सकिने संभावना रहेको छ । आगामी तीन आर्थिक बर्षका लागि सिफारिस, प्रमाणित र अन्य दस्तुरमा बार्षिक ५ प्रतिशतका दरले बृद्धि हुनेगरी तपशील अनुसार प्रक्षेपण गरिएको ।

| क्र.सं. | आर्थिक बर्ष | प्रक्षेपित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | २०७९।०८० | २०९४९२। | |
| २ | २०८०।०८१ | २१९९६६। | |
| ३ | २०८१।०८२ | २३०९६४। | |

**सुधारका पक्षहरू**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको प्रमाण समावेश गर्ने प्रणाली स्थापित गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।

**ङ) सरकारी सम्पत्तिको बहाल र विक्रीबाट प्राप्त आय**

**हालको अवस्था र संभावना**

आर्थिक बर्ष २०७७/७८ मा यस गाँउपालिकाले सरकारी सम्पतिको वहाल र विक्री शिर्षकबाट रु. १००,११०। आम्दानी गरेको देखिन्छ । आर्थिक ऐनमा राजपत्र, पुस्तक, नक्शा आदिको मूल्य भने तोकिएको छैन । गाउँपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरू जस्तै व्याक हो लोडर, प्रोजेक्टर, राजपत्र, पुस्तक, नक्शा, बोलपत्र आदिको बहाल विक्रीका सम्बन्धमा आवश्यक तथ्यांक र दररेटहरु नभएकोले आगामी आर्थिक बर्षमा यी सवै पक्षलाइ ध्यान दिइ योजना बनाउन सकिने छ । हाल भईरहेको आम्दानीमा बार्षिक ५ प्रतिशतले बृद्धि हुनेगरी आगामी तीन आर्थिक बर्षका लागि देहाय अनुसार सरकारी सम्पत्तिको बहाल र विक्रीबाट प्राप्त आय प्रक्षेपण गरिएको छ ।

| क्र.सं. | आर्थिक बर्ष | प्रक्षेपित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | २०७९।०८० | ११५६२७। | |
| २ | २०८०।०८१ | १२१४०८। | |
| ३ | २०८१।०८२ | १२७४७९। | |

**सुधारका पक्षहरु**

- गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

## च) वन पैदावर, जडीबुटी तथा ढुंगा, गिटी, वालुवा, दहत्तर बहत्तर शुल्क

**हालको अवस्था**

गाँउपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान छ । सिलीचोङ गाँउपालिकाको आर्थिक ऐन २०७८।०७९ मा जडीबुटी, ढुंगा, गिटि, वालुवा दहत्तर बहत्तर शुल्क सम्बन्धी उल्लेख गरिएको छ। तर आर्थिक बर्ष २०७७/७८ मा गाँउपालिकाले अनुमान र असुली गरेको छैन ।

**सम्भावना**

यो गाँउपालिका मकालु बरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र अवस्थित भएकाले प्राकृतिक स्रोतहरुको उत्खनन, व्यवस्थापन तथा परिचालन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन अनुसार हुने भएकाले गाउँपालिका आफैले मात्र यी क्षेत्रको राजस्व संकलन गर्न मिल्दैन । सामुदायिक वन उपभोक्ता समितिको कार्ययोजना स्वीकृत गर्ने र प्राप्त आम्दानीको १० प्रतिशत स्थानीय तहलाई बुझाउनुपर्ने व्यवस्था स्थानीय सरकार संचालन ऐनमा रहेको छ । त्यसैगरि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को शंसोधन २०७५ को २५ क मा राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकममध्ये ३० दखि ५० प्रतिशत रकम स्थानीय तहसँग समन्वय गरि स्थानीय जनताको सामुदायिक विकासका लागि खर्च गर्न सक्ने प्रावधान रहेको हुँदा पालिकाले निकुञ्जसँग समन्वय गरी संचित कोषमा सामुदायिक विकासको बजेट ल्याउन सक्ने संभावना देखिन्छ ।

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

<u>लालमोहर र प्रकाशन मिति</u>
२०२९।११।२८

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| १.राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पहिलो संशोधन) ऐन, २०३१ | २०३१।६।२० |
| २.राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (दोस्रो संशोधन) ऐन, २०३९ | २०३९।९।८ |
| ३.राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (तेस्रो संशोधन) ऐन, २०४६ | २०४६।६।११ |
| ४.न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |

✂१६ग. **<u>उपभोक्ता समिति</u>** : (१) राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रभित्र ढलेको रुख, सुकेको काठ, दाउरा र घाँसको व्यवस्थापन गर्न सम्बन्धित संरक्षकले स्थानीय निकायसंग समन्वय गरी उपभोक्ता समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक उपभोक्ता समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

✂२५क.**<u>स्थानीय विकासको लागि खर्च गर्न सकिने</u>** : राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकम मध्ये तीस देखि पचास प्रतिशतसम्म रकम स्थानीय निकायसंग समन्वय गरी स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गर्न सकिनेछ ।

उपरोक्त व्यवस्था अनुसार प्राकृतिक स्रोतको परिचालनबाट राजस्व संकलनमा बढोत्तरी गर्न गाउँपालिकाले मकालु बरुण राष्ट्रिय निकुञ्जसँग आवस्यक समन्वय र सहकार्य गर्नपर्ने देखिन्छ ।

पार्कीङ् शुल्क, पर्यटन शुल्क, ट्रेकिङ, कायाकिंग, क्यानोइङ शुल्क, बन्जि जम्पिङ लगायतका शुल्कहरु उठाउन आ.ब. २०७८।०७९ को आर्थिक ऐनमा यी शीर्षकहरुमा दररेट कायम गरीएको छ तर गाउँपालिकाले हालसम्म ती शिर्षकमा कुनै किसिमको शुल्क लगाईएको छैन ।

उल्लेखित लगायत आन्तरिक आय बृद्धि गर्न सकिने क्षेत्रहरुमा स्थानीय पर्यटन शुल्क, पुर्वाधार उपयोग शुल्क, फोहोरमैला व्यवस्थापन शुल्क जडिबुटी चिराइतो, अलैची, यार्शागुम्बा, रुद्राक्ष, अम्लिसो, अल्लो, अर्गेली आदिको उत्पादन अनुसारको फरक कर निर्धारण गरी कर संकलन गर्न सकिने देखिन्छ । तालिका नं. १३ मा कुल संभाव्य आय र प्रक्षेपित रकम उल्लेख गरिएको छ ।

**निकासीका लागि तयार गरिएको अलैंची ।**



# परिच्छेद-चारः आय संकलनको सँस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदका उपखण्डहरुमा सिलीचोङ गाँउपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाँउपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति तथा संयन्त्र

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजस्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजश्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजश्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ । यस गाँउपालिकामा स्थानीय राजस्व परामर्श समितिको गठन देहाय अनुसार भएको छ ।

**तालिका ७: राजस्व परामर्श समितिको विवरण**

| क्र.स. | समितिका व्यक्तिहरु | जिम्मेवारी |
|---|---|---|
| १ | गाँउपालिका उपाध्यक्ष: देविता कुलुङ | संयोजक |
| २ | प्रमुख प्रशासकिय अधिकृतः रामराज पौडेल | सदस्य |
| ३ | कार्यपालिका सदस्य रेविका रसाइली | सदस्य |
| ४ | कार्यपालिका सदस्यः देवेन्द्र राई | सदस्य |
| ५ | उद्योग बाणिज्य संघको प्रतिनिधी | सदस्य |
| ६ | लेखापाल भोलामान राई | सदस्य सचिव |

गाँउपालिकाको राजस्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि राजस्व परामर्श समितिको बैठक गरी राजश्वको दर निर्धारण सिफारिस, वार्षिक राजस्व अनुमान आदि निर्णय गर्ने गरेको देखिन्छ । गाँउपालिकाले आर्थिक बर्षको २०७८/७९ को लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक वसी आन्तरिक आयको दररेट प्रस्ताव गरि गाँउसभाले सो दररेट स्वीकृत गरेका छ । आयका शिर्षगत दायरा तथा उक्त दायराका दररेटहरू राखी गाँउसभा मार्फत् आर्थिक ऐन पारित गरिएको छ ।

### गाँउपालिकाको राजस्व प्रशासन

गाँउपालिकाको राजस्व प्रशासनलाई अझ प्रभावकारी बनाउने नीति चालु बजेटमार्फत पनि गाँउपालिकाले लिएको छ । यसको प्रभावकारिताका लागि गाउँपालिकाले गर्नुपर्ने कार्यहरुमा राजस्व शाखा वा उपशाखाको स्थापना, जनशक्ति व्यवस्थापन, राजस्व शाखाको संस्थागत विकास, राजस्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोत कार्यालयबाट स्थानीय जग्गाको लगत अद्यावधिक, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान गर्नुपर्ने रहेको छ । वडास्तरमा काम गर्ने कर्मचारीलाई प्रभावकारी सेवा प्रवाह र राजस्व संकलन कार्यमा परिचालन गनुपर्ने हुन्छ । साथै जनशक्ति व्यवस्थापन गरि गाँउपालिका तथा वडा

कार्यालयका राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई राजस्व र आयका शीर्षकका विषयमा अभिमुखीकरण र अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रमहरुको आयोजना गर्नपर्ने आवस्यकता देखिन्छ ।

## ४.२ आय संकलनको संस्थागत क्षमता

गाउँपालिकामा राजस्व शाखा भिन्नै स्थापना नभए तापनि यस सम्बन्धी काम आर्थिक प्रशासन शाखाबाट र यसै शाखा अन्तर्गत नै वडा कार्यालयहरूबाट वडा सचिव तथा वडाका अन्य कर्मचारीहरु मार्फत राजश्वको संकलन तथा अभिलेखीकरण गरिंदै आएको छ । स्थलगत अवलोकन, प्रत्यक्ष छलफल, टेलिफोन अन्तरवार्ता तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाँउपालिकाको राजस्व संकलनको अवस्था देहायअनुसार रहेको छः

- गाउँपालिकामा राजस्व संकलन तथा व्यवस्थापन सम्बन्धी काम गर्न छुट्टै शाखाको स्थापना र आवस्यक जनशक्ति व्यवस्थापन नभएको ।
- गाँउपालिका कार्यालय तथा वडा कार्यालयहरूमा कम्प्युटर विलिङ्ग प्रणाली मार्फत राजस्व संकलन नभएको
- सफ्टवेयरमा राजस्व का शीर्षकहरू हाल नेपाल सरकारले व्यवस्था गरेको राजस्व कोड तथा शीर्षक अनुसार नभएकाले संकलन गरिएको राजस्व का शीर्षकहरू नमिलेको ।
- वडा सचिव मार्फत वडामानै राजस्व संकलन गर्ने कार्यले सेवाग्राहीलाई सुविधा प्रदान गरेको ।
- “घ” वर्गको इजाजत पत्र लगायत अन्य शुल्कहरू, टेण्डर बिक्री तथा परिक्षा शुल्क जस्ता राजस्व गाँउपालिका कार्यालयबाट संकलन हुने गरेको ।
- हालसम्म राजस्वको दायरा बृद्धि, संकलन तथा त्यसको प्रभावकारीताका लागि कुनै अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्यांङकन नभएको।

## ४.३ विगतको आय परिचालनको अवस्था

यस गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा अत्यन्त न्यून रहेको छ । आन्तरिक आय तर्फ एकिकृत सम्पति कर, वहाल कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, व्यवसाय रजिष्ट्रेशन दस्तुर लगायत अन्य प्रशासनिक शुल्क तथा दस्तुरहरु रहेका छन् । तसर्थ आगामी दिनमा समेत आन्तरिक आयतर्फ गाउँपालिकाको लागि सम्पत्ति कर, मालपोत, ब्यवसाय कर र दस्तुर नै मुख्य तथा दिगो क्षेत्र हुन् । गाउँपालिकाले हाल लगाइरहेको एकीकृत सम्पत्ति करलाइ कानुन बमोजिम सम्पत्ति कर र मालपोत वा भूमी करको रुपमा जमीनको उपयोगका आधारमा वर्गिकरण गरेर दर निर्धारण गर्नपर्ने देखिन्छ । उद्योग व्यवसायको विकास भए अनुसार व्यवसाय करको असुली प्रभावकारी देखिंदैन । घरबहाल कर, विज्ञापन कर, जडीबुटी कवाडी तथा जीवजन्तु करको सम्भावना तत्कालका लागि न्यून रहेको देखिन्छ । गाउँपालिकासँग विगत आर्थिक वर्षहरुको तथ्यांकको शीर्षकगत यथार्थ आयसम्बन्धी अभिलेख ब्यवस्थित देखिदैन । यसले गर्दा गाउँपालिकाको समग्र राजस्व प्रक्षेपणलाई यथार्थको नजिक पुर्याउन कठिनाइ रहेको छ । गाउँपालिकाबाट प्राप्त तथ्यांक अनुसार गाउँपालिकाले विगत आ.व. २०७५/०७६ देखि २०७८/७९ फागुनसम्मको अनुमानित आय विवरण देहाय अनुसार रहेको छः

तालिका ८: गाँउपालिकाको आयको अवस्था

| आय शिर्षक | २०७५/७६ को यथार्थ | २०७६/७७ को यथार्थ | २०७७/७८ को यथार्थ | २०७८/७९ फाल्गुण १५ सम्मको यथार्थ |
|---|---|---|---|---|
| **क) आन्तरिक आय रु. (अनुमानित)** | **१९७३०५३** | **३१२४४५१२** | **६२२०५७५७** | **९८२५३५** |
| एकिकृत सम्पती कर | | | ८३७९११ | ० |
| घर बहाल कर | | | ४३३०० | ० |
| अन्य कर | | | १२१३३६ | १११६१७ |
| अन्य संस्थागत आन्तरिक अनुदान | | | ३३५०७६९ | ७७१७८६ |
| सरकारी सम्पती बिक्रीबाट प्राप्त रकम | | | १००११० | ० |
| सिफारिस दस्तुर | | | १९००१५ | ० |
| ब्यवशाय कर | | | २४६५३५ | ० |
| बेरुजु | | | ३१७१५० | ९९१३२ |
| बैंक मैज्दात | | | ५६९९८६३१ | ० |
| **ख) राजस्व बाँडफाँडबाट प्राप्त आय** | **४५१६४६२१** | **४४२७८५६४** | **५५९३७५५८** | **२६०९९७०२** |
| घरजग्गा रजिष्ट्रेसन दस्तुर | | ९९९६३ | २३०३८१ | २३०३८१ |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धी कर | | ४१७५१७४४ | ५२३२५३०६ | १८७५५२६३ |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | | ० | ० | ५७५४२२६ |
| बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर | | १४८१८७३ | २४९७९४१ | १३५९८३२ |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | | ९४४९८४ | ८८३९३० | ० |
| **ग) अनुदान** | **१७८६४०९०५** | **१९४३४२६१६** | **२३४७१५११९** | **१५९०३४५००** |
| संघिय सरकार | **१७३८२५९०५** | **१८३३१८५९४** | **२१८१४९९३८** | **१५५१०९५००** |
| समानीकरण अनुदान | ८९४००००० | ९१४००००० | ९४५००००० | ५०७५०००० |
| सशर्त अनुदान चालु | ८४४२५९०५ | ९१९१८५९४ | १२३६४९९३८ | ८७०२४५०० |
| सशर्त अनुदान पुँजिगत | | ० | ० | १७३३५००० |
| विशेष अनुदान पुँजिगत | | ० | ० | ० |
| प्रदेश सरकार | **४८१५०००** | ११०२४०२२ | १६५६५१८१ | ३९२५००० |
| समानीकरण अनुदान | ३३१५००० | ६९६९००० | ७०२०००० | २८९०००० |
| शसर्त अनुदान चालु | १५००००० | ४०५५०२२ | ९०६२८८ | १०३५००० |
| बिषेश अनुदान चालु | | ० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| समपुरक अनुदान पुँजिगत | | ० | ८६३८८९३ | ० |
| **कुल जम्मा** | २२५७७८५७९ | २६९८६५६९२ | ३५२८५८४३४ | १८६११६७३७ |

उल्लेखित तालिका अनुसार यस गाउँपालिकाको बार्षिक कुल आयलाइ तुलनात्मक रुपमा हेर्दा आ.ब. २०७५।०७६ को आधारमा आ.ब. २०७६।०७७ मा २० प्रतिशतले र आ.ब. २०७७।०७८ मा करिव ३१ प्रतिशतले बृद्धि भएको देखिन्छ । तर सवै आ.ब. को आन्तरिक आयको ब्रेकडाउन प्राप्त नभएकाले तुलनात्मक बृद्धि देखाउन सकिएन । गाउँपालिकाको आय संरचना हेर्दा कुल आयमा आन्तरिक आयको हिस्सा आ.व. २०७७/७८ मा १.५% र त्यस अघिका बर्षहरुमा अझ कम रहेको अनुमान गर्न सकिन्छ । यस तालिकामा कुल आयमा आन्तरिक आयको प्रतिशत धेरै देखिनुको कारण त्यसमा अघिल्लो आ.ब.को बैंक मौज्दात समेत संलग्न गरिएकाले हो । यद्यपि गाउँपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड र अनुदान बापतको रकम नै रहेको देखिन्छ । उल्लेखित तालिका अनुसार गाउँपालिकाको समग्र आयको सारांश देहायअनुसार रहेको छः

**तालिका ९ : कुल आयमा गाँउपालिकाको आन्तरिक आयको योगदान**

| **आय शिर्षक** | **२०७५/७६ को यथार्थ** | | **२०७६/७७ को यथार्थ** | | **आ. ब. २०७७/७८ को यथार्थ** | | **आ. ब.२०७८/७९ फाल्गुण १५ सम्मको यथार्थ** | |
|---|---|---|---|---|---|---|---|---|
| | **रकम** | **प्रतिशत** | **रकम** | **प्रतिशत** | **रकम** | **प्रतिशत** | **रकम** | **प्रतिशत** |
| क) आन्तरिक आय | १९७३०५३ | १ | ३१२४४५१२ | ११.६ | ६२२०५७५७ | १७.६ | ९८२५३५ | ०.५ |
| ख) राजस्व बाडफाड | ४५१६४६२१ | २० | ४४२७८५६४ | १६.४ | ५५९३७५५८ | १५.९ | २६०९९७०२ | १४. |
| ग) अनुदान | १७८६४०९०५ | ७९ | १९४३४२६१६ | ७२. | २३४७१५११९ | ६६.५ | १५९०३४५०० | ८५.४ |
| **कुल जम्मा** | **२२५७७८५७९** | **१००** | **२६९८६५६९२** | **१००.** | **३५२८५८४३४** | **१००.** | **१८६११६७३७** | **१००.** |

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरु

सिलीचोङ गाँउपालिकाको आन्तरिक आय परिचालनमा नयाँ ब्यवस्था अनुसारको प्रशासनिक क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

### क) राजस्व प्रशासन

राजस्व परिचालन क्षमता सुधार तथा राजस्व को स्रोत र आधारहरू वृद्धि गर्न गाँउपालिकामा राजस्व शाखा वा एकाई स्थापना र आवश्यक दरबन्दी स्वीकृति तथा कर्मचारी पदस्थापना गर्नु आवश्यक देखिन्छ । यसका साथै गाँउपालिकाको राजस्व अधिकारको आधारमा भौतिक सुविधा थप गर्ने, कर्मचारीहरुलाई क्षमता विकास तालिम,

प्रविधिमा आधारित राजस्व अभिलेख तथा सूचना प्रणाली, सक्षम राजस्व शाखाको व्यवस्था हुन आवश्यक छ । साथै वडामा राजस्व संकलनको व्यवस्थित विद्युतीय प्रणालीको लागि वडा कार्यालयहरुको समेत क्षमता अभिबृद्धि गरिनु पर्दछ ।

**ख) आन्तरिक नियन्त्रण**

राजस्व असुलीका लागि जारी गरिने रसीदको नियन्त्रण जरुरी हुन्छ । कति प्रति रसीद छपाई भएको हो प्रमुख प्रशासकिय अधिकृतबाट सबै प्रति प्रमाणित गराई त्यसको जानकारी राजस्व शाखा र लेखा शाखामा सुरक्षित रहनु पर्दछ । राजस्व शाखाले जिन्सीफाँटबाट रसिद एकमुष्ट निकासा लिई सम्बन्धित वडामा सचिवलाई वा अन्य कर्मचारीलाई सि.न. समेत प्रष्ट हुनेगरी निकासा गरिनु पर्दछ र रसीद नियन्त्रण खातामा अभिलेख राखिनु पर्दछ । प्राप्त रकमलाई गाँउपालिकाको गोश्वारा खातामा शीर्षक अनुसार चढाई मासिक रुपमा प्रमाणित गरि राजस्व को शीर्षकगत प्रतिवेदन पठाउने व्यवस्था गरिनु पर्दछ । उठेको राजस्व यथासक्य बैंक जम्मा गराउने व्यवस्था हुनुपर्दछ ।

**ग) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि**

गाँउपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूवाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने विधि, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषयवस्तु पर्दछन् ।

**घ) आर्थिक ऐनमा सुधार**

गाँउपालिकाले आर्थिक ऐन तर्जुमा गरी स्वीकृत गरेको छ तर सो ऐनलाई अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ । तर प्रचलित संघीय कानुनी व्यवस्था अनुरुप यो कर सवै सवारी साधनमा लिन नपाइने हुँदा यसलाई हटाउनुपर्नेछ । गाउँपालिकाको सवारी तथा अन्य यन्त्र उपकरण हल, जस्ता सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरुलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । यस्तै, परिवर्तित व्यवस्था अनुसार सवै जग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ । गाँउपालिकाको धेरै क्षेत्रहरु ग्रामिण भेगमा पर्दछन । त्यसैले गाँउ, बजार तथा राजमार्ग आसपासको क्षेत्रमा जमीनको मूल्य र उपयोगितामा व्यापक अन्तर हुने भएकोले जमीनको उत्पादन, उपयोगिता र सडक पहुँचको आधारमा कर लिने प्रणालीको विकास हुन सकेमा कर पनि बढी संकलन हुने र बढी वैज्ञानिक तथा न्यायीक समेत हुने देखिन्छ ।

**ङ) राजस्व का दर निर्धारण तथा प्रचार प्रसार**

गाँउपालिकाले राजश्वको दर निर्धारण गर्दा समान स्तरका करदाताहरुलाई समान व्यवहार हुने गरी तथा समान तहका स्थानीय सरकार वीच न्यून अन्तर हुने विषयमा ध्यान दिन आवश्यक हुन्छ । स्थानीय करका आधारहरु पर्याप्त राजस्व संकलन गर्न सकिने खालको हुनु पर्दछ । अर्थात संकलित राजस्व भन्दा संकलन गर्दा लाग्ने खर्च बढी हुने खालको हुनु हुँदैन । साथै स्थानीय उत्पादनका आधारमा दर निर्धारण गर्दा करदातालाई पनि मर्का नपर्ने र गाँउपालिकालाई पनि राजस्व प्राप्त सहज रुपमा हुने हुन्छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर अन्तर्गत मालपोतको मूल्यांकन र स्थानीय चलनचल्तीको रकम ज्यादै फरक भएका सो परिमार्जनका लागि पहल गर्दा राजश्वमा बृद्धि हुने अवस्था सिर्जना हुन्छ । गाँउपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई आफूले तिर्नुपर्ने रकम र शिर्षक सम्वन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने तथा धेरै राजस्व तिर्ने करदाताहरुलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने प्रणालीको बारेमा आवश्यक प्रचार प्रसार गर्नु पर्दछ । साथै कर संकलन तथा सूचना प्रवाहमा आधुनिक प्रविधीहरुको प्रयोग अंगीकार गर्न पर्दछ ।

**च) अभिलेख व्यवस्थापन**

आन्तरिक आयको अधिकतम परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । गाँउपालिकालाई प्राप्त राजस्व का अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेख बिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन । गाँउपालिकाका सम्भाव्य राजश्का स्रोतहरु (कर, शुल्क तथा दस्तुर) को पहिचान गरी दायरा फराकिलो बनाउने तथा दर निर्धारण गरी सामयिक रुपमा यस्तो दरलाई अद्यावधिक गर्दै जानुपर्दछ । गाँउपालिकाबाट राजस्व नयाँ स्रोतहरु पहिचान तथा कार्यान्वयनका लागि आवश्यक लगानी तथा प्राथमिकीकरणका आधारमा अध्ययन, अनुसन्धान तथा सम्भावना विश्लेषण गर्दै नयाँ स्रोतहरुको पहिचान र परिचालन तथा बर्तमान स्रोतहरुको दायरा विस्तार गर्दै आन्तरिक राजश्वलाई दिगो बनाउन आवश्यक हुन्छ । यस कार्यको लागि दक्ष जनशक्तिको व्यवस्थापन र जनताको सहयोग अपरिहार्य हुन्छ ।

**छ) समन्वय संयन्त्र**

यो पालिकाको सबै क्षेत्र मकालु बरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने हुनाले राजस्व व्यवस्थापनका क्षेत्रमा निकुञ्जसँग अवस्यक समन्वय तथा सहकार्य गर्नपर्ने देखिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को शंसोधन २०७५ को २५ क मा राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकममध्ये ३० दखि ५० प्रतिशत रकम स्थानीय तहसँग समन्वय गरि स्थानीय जनताको सामुदायिक विकासका लागि खर्च गर्न सक्ने प्रावधान रहेको हुँदा पालिकाले निकुञ्जसँग समन्वय गरी संचित कोषमा सामुदायिक विकासको उक्त बजेट ल्याउन समन्वय तथा सहकार्य गर्नपर्ने देखिन्छ ।

त्यसैगरी राजस्व  परिचालनमा  नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व  संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसंग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्व का आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व  परामर्श समितिको भूमिकालाई अझै प्रभावकारी बनाउनु पर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व  शाखाबिच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व  बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसंग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ । राजस्व प्रशासनलाई प्रभावकारी वनाउन निर्वाचित नेतृत्वले नियमित अनुगमन र छलफल गर्नुपर्दछ । स्थानीय करदाता केन्द्रित समुदायहरुसँग छलफल गरी नयाँ करका शिर्षकहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।

### ज) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व  चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाँउपालिकाले आय व्ययको विवरण, आन्तरिक र अन्तिम लेखा प्रतिवेदन आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निरन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व  र करबाट प्राप्त आयलाई के के शिर्षकमा खर्च गरियो भन्ने विवरणबारे नागरिक तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रयासहरू हुन सक्दछन् ।

### झ) समावेशिता तथा सहभागिता अभिबृद्धि

कर प्रणालीको विकास गर्दा करको दायरा फराकिलो बनाउन र पिछडिएका जनताहरुलाई पनि समेट्न गरिव, विपन्न, एकल महिला, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरुको लागि उपयुक्त व्यवसायिक तथा प्राविधिक सीप विकास गरी निजहरुबाट संचालन गरिने उद्यम व्यवसायमा विभिन्न सहुलियत तथा छुट सुबिधाको व्यवस्था गरी प्रोत्साहन गर्ने नीति लिनु महत्वपूर्ण हुन्छ ।

### ञ) अन्य

प्राय स्थानीय तहहरुमा जनतालाइ कर मात्र थोपरेको भन्ने आरोपहरु पनि आइरहेको परिप्रेक्ष्यमा करको दर तथा दायरामा अदलबदल गर्दा करदाताको मनसाय, उसको कारोबार, कर तिर्न सक्ने क्षमता, पालिकाको कर संकलन गर्ने संगठन क्षमता लगायतका कुराहरुमा ध्यान दिन अवस्यक देखिन्छ ।

# परिच्छेद -पाँचः राजस्व  सुधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्वितिय स्रोतहरुबाट प्राप्त विभिन्न तथ्याङ्क तथा सूचाना विश्लेषणका आधारमा गाँउपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाँउ कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

## ५.१ राजस्व सुधार कार्ययोजना

गाँउपालिकाले राजस्व सुधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजनाहरु निम्नवमोजिम रहेका छनः

### ५.१.१ प्रभावकारी राजस्व संकलनका रणनीति तथा कार्यनीति

सिलीचोङ्ग गाँउपालिकामा राजस्व संकलनमा खासगरी ट्र्याकमा गैसकेको र ट्र्याकमा लानुपर्ने गरी दुई किसिमका अवस्थाहरु छन् । पहिलेदेखि संकलन हुँदै आएका राजश्वहरु ट्र्याकमा छन् भने नयाँ राजश्वका स्रोतहरुमा जनतालाई वानी पार्न थप पहल गर्न आवश्यक रहेको छ । साविकका गाविसहरु मिलाएर गठन गरिएको र दुर्गम तथा विकट भौगोलिक अवस्थितिमा रहेको यस गाँउपालिकामा विद्यमान कानुन प्रदत्त केही राजस्व अधिकारहरु हालसम्म प्रयोगमा ल्याउन सकिएको छैन । गाँउपालिकाका कानुनहरु पनि समय अनुकुल परिमार्जन एवं संशोधन गर्नुपर्दछ । यी तथ्यहरुलाई समेत मध्यनजर राखी आन्तरिक राजस्व परिचालन सम्बन्धमा देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गर्न सुझाव गरिएको छ ।

क) राजस्व सम्बन्धी कानूनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने ।
ख) राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने ।
ग) राजस्व प्रणालीलाई सरल, सहज र करदाता मैत्री बनाउने ।
घ) समन्वय र सहकार्यको अभिवृद्धि गर्ने ।

**तालिका १०: राजस्व सुधार सम्बन्धी रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १) राजस्व सम्बन्धी कानुनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने । | १) गाँउपालिकामा राजश्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गरी अझ बढी व्यवहारिक बनाउदै लगिनेछ ।<br>२) कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आबद्ध गराउदै गाँउपालिका तथा निजीक्षेत्रबाट थप लगानी गर्न प्रोत्साहित गरिनेछ।<br>३) कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गर्ने पद्धतीको संस्थागत विकास गरिनेछ ।<br>४) जनताको कर तिर्ने तथा करको भार बहन क्षमता विश्लेषणका आधारमा कर नीतिलाई विवेकसम्मत र प्रगतिशील बनाइने छ ।<br>५) थप राजस्व का स्रोतको सम्भाव्यता अध्ययन गरी सम्भाव्य थप स्रोत पहिचानका साथै बर्तमान राजस्व स्रोतको दायरा बृद्धि गर्न यसको यकिन तथ्याङ्क संकलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको संख्या बढाउदै लगिनेछ ।<br>६) राजश्वको स्रोत बृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ७) सम्पत्ति मूल्यांकन सम्वन्धी सिफारिसलाई निश्चित आधार र मापदण्डमा आवद्ध गरी एकरुपता कायम गरिने छ ।<br>८) आन्तरिक राजश्वका विभिन्न स्रोतहरुबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरुको यकिन तथ्याङ्क, सूचना संकलन गर्न कार्यदलहरु बनाई वडागत रुपमा परिचालन गरिनेछ ।<br>९) करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिनेछ ।<br>१०) गाँउपालिकामा पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरुको विकास गरिनेछ साथै पर्यटन विकासमा यस गाँउपालिकामा रहेका धार्मिक/साँस्कृति धरोहर तथा प्राकृतिक संपदाको संरक्षण तथा विकास गर्न निजी क्षेत्रसँग साझेदारीको समेत पहल गरिनेछ ।<br>११) पूर्वाधार उपयोग दस्तुर, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न दर निर्धारण गर्दा छिमेकी स्थानीय तहहरु, निजी क्षेत्र र करदातासँग समेत छलफल तथा सहकार्य गरिनेछ ।<br>१२) नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान र पुरस्कत गरिनेछ ।<br>१३) समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ । |
| २) राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने । | १) गाँउपालिकाको समग्र राजस्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वयन गर्न पालिकामा राजस्व शाखा स्थापना, सुदृढिकरण र क्षमता विकास गरिनेछ ।<br>२) गाँउपालिकाको राजस्व शाखामा स्वीकृत संगठन संरचना अनुसारको दरबन्दी पूर्ति गरिनेछ ।<br>३) राजस्व परामर्श समिति, राजस्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनेछ ।<br>४) राजस्व शाखाका लागि आवश्यक उपकरण, सफ्टवेयर आदिको प्रबन्ध मिलाई क्रमसः वडा कार्यालयहरुसँग सूचना संजालमा जोड्दै लगिने छ ।<br>५) स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा संचालन गरिनेछ ।<br>६) प्रादेशिक तथा जिल्लाका अन्य स्थानीय तहसँग राजस्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान र अन्तरक्रिया गरिनेछ ।<br>७) राजस्व लेखापालनलाई कम्प्यूटरकृत गरिनेछ र विद्युतीय माध्यमबाट नै राजश्वको प्रतिवेदन र फाँटबारी बनाइने छ ।<br>८) राजशव सम्वन्धी आन्तरिक नियन्त्रणको व्यवस्थाको लागि राजस्व रसिद नियन्त्रण खाता राखिने छ र प्रत्येक वडाबाट मासिक रुपमा स्रोत खुल्नेगरी राजस्व को प्रतिवेदन लिने प्रणाली अवलम्बन गरिने छ । |
| ३) राजस्व कर प्रणालीलाई सरल, सहज करदाता | १) कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।<br>२) कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा नागरिकहरु |

| रणनीति | कार्यनीति |
|---|---|
| मैत्री, पारदर्शी र समावेशी बनाउने | को पहुँच पुऱ्याइनेछ ।<br>३) कर/राजस्व सूचना सम्बन्धी प्रतिवेदनहरु अर्धवार्षिक एवं वार्षिक रुपमा गाँउपालिकाको वेभसाईटमा राखिने छ । साथै यस्तो सूचनाहरु गाँउपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाइने छ ।<br>४) करदाता शिक्षा र कर सम्वन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।<br>५) महिला, अपांगता भएका व्यक्ति तथा गरिब तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमूलीहरुलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ ।<br>६) कर संकलन प्रक्रियालाई सहज बनाउन बैंक तथा विद्युतीय माध्यमबाट कर भुक्तानी गर्ने प्रणालीको विकास गरिनेछ । |
| ४)समन्वय र सहकार्यलाई प्रोत्साहन गर्ने | १) ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक स्रोतको उत्खनन्, बिक्री तथा बजार व्यवस्थाका सम्बन्धमा मकालु बरुण राष्ट्रिय निकुञ्जसँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>२) बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिनेछ<br>३) कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ ।<br>४) राजश्वसंग सम्बन्धित विषयमा प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँग नियमित अन्तरक्रिया गरिनेछ । यसैगरी अन्य छिमेकी स्थानीय तहहरुसंग समन्वय वैठक आयोजना गरी राजस्व संकलनका सवालहरुबारे छलफल तथा समन्वय गरिनेछ ।<br>५) राजस्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ । |

## ५.१.२ राजस्व सुधार कार्ययोजना

## क. राजस्व प्रशासन सुधार कार्ययोजना

**तालिका ११: राजस्व प्रशासन सुधार कार्ययोजना**

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| १.१ | राजस्व परामर्श समितिको मासिक वैठक बसी प्रगती तथा कमी कमजोरीको समिक्षा गर्ने र सुधारका योजनाहरु तयार गर्ने | २०७९ असारबाट निरन्तर | राजस्व परामर्श समिति |
| १.२ | करदाताको तिर्ने क्षमतामा आधारित रहेर अल्पकालिन, मध्यकालिन र दीर्घकालिन राजस्व संकलन तथा परिचालन नीति निर्माण गर्ने | २०७९ पौष मसान्त | गाउँसभा |
| १.३ | सम्पत्ति कर र मालपोत कर सकलनको छुट्टाछुट्टै कानुन निर्माण गरी कार्यान्वयन गर्ने । | २०७९ असार मसान्त | कार्यपालिका र गाउँसभा |
| १.४ | व्यवसाय कर लगायत अन्य करहरुको छुट्टाछुट्टै कार्यविधि तर्जुमा गरी लागू गर्ने | २०७९ असार मसान्त सम्म | गाँउ कार्यपालिका |
| **२** | **संकलन प्रकृयामा सुधार** | | |
| २.१ | निर्माण भएको नीति र निर्देशिकाहरुको तत्काल कार्यान्वयन प्रकृया अगाडी बढाउने र कार्यान्वयनको नियमित अनुगमन गर्ने | प्रत्येक बर्ष निरन्तर | राजस्व शाखा, राजस्व परामर्श समिति |
| २.२ | धेरै कर तिर्ने, नियमित कर तिर्ने करदाता र संकलन गर्ने शाखा, वडा लगायतलाई पुरस्कृत गर्ने | प्रत्येक बर्ष | गाँउसभा |
| २.३ | कर्मचारी तथा जनप्रतिनिधीहरुलाई तालिम तथा क्षमता बिकास कार्यक्रम र करदाताहरुलाई करदाता शिक्षा कार्यक्रम संचालन गर्ने | प्रत्येक बर्ष निरन्तर | गाउँकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| २.४ | कर प्रसाशनको आधुनिक तथा करदातामैत्री प्रविधीको प्रयोग गर्ने | २०७९ पौष मसान्त | गाउँपालिका |
| **३** | **संस्थागत व्यवस्था तथा अन्य** | | |
| ३.१ | राजस्व परामर्श समिती र राजस्व संकलन तथा परिचालन कार्यदल निर्माण गर्ने | २०७९ असार मसान्त | गाउँ कार्यपालिका |
| ३.२ | गाउँपालिकामा राजस्व शाखा तथा वडा कार्यालयहरुमा संकलन युनिट स्थापना गर्ने | २०७९ असार मसान्त | गाउँ कार्यपालिका |
| ३.३ | दरवन्दी अनुसार दक्ष जनशक्ती ब्यवस्थापन गर्ने | २०७९ पौष मसान्त सम्म | गाउँ कार्यपालिका |
| ३.४ | वडा कार्यालयहरुमा समेत राजस्व प्रशासनका लागि कर्मचारीहरुलाई जिम्मेवारी किटान गरी नियमित अनुगमन गर्ने | २०७९ माघ मसान्त सम्म | गाँउ कार्यपालिका तथा प्रमुख प्रशासकिय अधिकृत |
| ३.५ | राजस्व शाखालाई स्रोत साधन सम्पन्न बनाउने | २०८० असारसम्म | गाँउ कार्यपालिका |

## ख. कर राजस्व सुधार कार्ययोजना

**तालिका १२: राजस्व सुधार कार्ययोजना**

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **सम्पति कर** | | |
| १.१ | गाउँ र बजार क्षेत्रको घर जग्गाको वर्गीकरण गरी दर र मुल्य निर्धारण गर्ने | आषाढ २०७९ | राजस्व परामर्श समिति र प्रप्रअ |
| १.२ | घरको प्रकृती तथा बनोटलाई पनि विषेश ख्याल गर्ने तथा घरले चर्चेका जग्गा वा सो भन्दा दोब्बरको जग्गामा सम्पती कर लिने | आषाढ २०७९ | राजस्व परामर्श समिति र प्रप्रअ |
| १.३ | बजार क्षेत्र र ग्रामिण क्षेत्रमा उपलब्ध सुविधा अनुसार भएका घरहरुको फरक मूल्यांकन गरी कर निर्धारण गर्ने | आषाढ २०७९ | राजस्व परामर्श समिति र प्रप्रअ |
| १.४ | घर जग्गा नक्सा पास तथा सम्पती कर मूल्यांकन गर्न सम्पती कर कार्यविधी पास गरी कार्यान्वयन गर्ने | पौष २०७९ | राजस्व परामर्श समिति र प्रप्रअ |
| २ | **भूमिकर/ मालपोत** | | |
| २.१ | बजार क्षेत्र तथा सडकले छोएको नछोएको जग्गाको फरक फरक दर निर्धारण गरी जग्गाको उपयोगको अधारमा कर निर्धारण गर्ने | आषाढ २०७९ | राजस्व परामर्श समिति र प्रप्रअ |
| २.२ | पालिका भित्र रहेको जोखिम क्षेत्रको पहिचान गरी सो क्षेत्र लाई कर शुन्य गर्ने | आषाढ २०७९ | राजस्व परामर्श समिति र प्रप्रअ |
| २.३ | गाउँपालिकाको स्वामित्वमा रहेका सार्वजनिक संस्थान, सरकारी कार्यालयबाट कर शुल्क नलिने वा शुन्य कर नीति बनाउने | आषाढ २०७९ | राजस्व परामर्श समिति र प्रप्रअ |
| २.४ | राजस्व परामर्श समिती मार्फत कर नीति बनाई कार्यान्वयन गर्ने | आषाढ २०७९ | राजस्व परामर्श समिति र प्रप्रअ |
| ३ | **घरजग्गा वहाल कर** | | |
| ३.१ | ब्यवशायको आम्दानीको श्रोत हेरी शुक्रवारे तथा बुधबारे हाट बजार भित्रका भाडामा ब्यवशाय संचालन भएका घरहरुको पहिचान गरी करको दायरामा ल्याउने | आषाढ २०७९ | राजस्व परामर्श समिति र प्रप्रअ |
| ४ | **व्यवसाय कर** | आषाढ २०७९ | |
| ४.१ | ब्यवसायको प्रकृती हेरी पुंजीगत लगानीका आधारमा कर निर्धारण गरी प्रभावकारिताको | आषाढ २०७९ | राजस्व परामर्श समिति र प्रप्रअ |

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | लागि नियमित अनुगमन गर्ने | | |
| ४.२ | व्यवसाय कर सम्बन्धमा आर्थिक ऐनमा दण्ड र पुरस्कारको व्यवस्था गर्ने । | २०८० श्रावण देखि | गाँउसभा |
| ५ | **जडिवुटी, कवाडी, जीवजन्तु कर** | | |
| ५.१ | निकुञ्जसँग समन्वय गरी जडिबुटीहरु चिराइतो, अलैची, यार्शागुम्बा, रुद्राक्ष, अम्लिसो, अल्लो, अर्गेली आदिको उत्पादन अनुसारको फरक कर निर्धारण गर्ने | आषाढ २०७९ | राजस्व परामर्श समिति |
| ६ | **विज्ञापन कर** | | |
| ६.१ | कुनैपनि ब्यवशायीले ब्यवशायिक फर्ममा नाम दर्ता गरेको नामको विज्ञापन बोर्ड बाहेक अन्य कुनैपनि खालको विज्ञापन बोर्ड लगाएमा त्यस विज्ञापन बोर्डको साइज अनुसार कर संकलन गर्ने | आषाढ २०७९ | राजस्व परामर्श समिति |
| ६.२ | होर्डिङ्ग बोर्ड लगायत अन्य विज्ञापनहरुमा अनिवार्य कर मुल्य निर्धारण गर्ने । | आषाढ २०७९ | राजस्व परामर्श समिति |

## ग. गैर कर राजस्व सुधार कार्ययोजना

**तालिका १३: गैर कर राजस्व सुधार कार्ययोजना**

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **घर नक्शा पास एवं रजिष्ट्रेशन दस्तुर** | | |
| १.१ | घर नक्सा पास कार्यविधी बनाई कार्यान्वयन गर्ने | २०७९ श्रावण | प्राविधिक शाखा, राजस्व परामर्श समिति र प्रमुख प्रशासकिय अधिकृत |
| १.२ | गाँउपालिका भित्र भएका घरहरुको अभिलेखिकरण गर्ने | २०७९ श्रावण | कार्यपालिका र प्राविधिक शाखा |
